मजदुर विज्ञापन शाखा
नागांचा-१०, भक्तपुर, फोन नं. ९७४४४२४४६५

विज्ञापनको लागि सूचना

सम्पूर्ण ग्राहकवर्गले विज्ञापन दिने gmail id: majdurdaily@gmail.com उक्त gmail id change भई नयाँ gmail id र भाइबर नं. भएको जानकारी गराउँदै विभिन्न साइजको विज्ञापन दिनुपरेमा तलको उल्लेखित भाइबर नं.मा viber वा दिइएको gmail id मा मेल गरिदिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

भाइबर नं. : ९७४४४२४४६५

Gmail : majdurdailybigyapan@gmail.com

मजदुर The Worker Daily दैनिक




भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६

भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर

The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com



★ वर्ष : २८ ★ अङ्क : ७७ ★ ने. सं. ११४६ चौला गा, अष्टमी ★ शुक्रबार ★ २७ चैत, २०८२ ★ April 10, 2026, Friday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८


## ख्वप मावि, ख्वप कलेज, शारदा क्याम्पस मावि र ख्वप कलेज अफ लको वार्षिकोत्सव सम्पन्न




भक्तपुर, २६ चैत । नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) को प्रमुख आतिथ्यमा भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप माविको २६ औँ, ख्वप कलेजको २४ औँ, शारदा क्याम्पस माविको १८ औँ र ख्वप कलेज अफ ल को तेस्रो वार्षिकोत्सव बिहीबार सम्पन्न भयो ।

कार्यक्रममा अध्यक्ष बिजुक्छेँले नेपालमा गुणस्तरीय शिक्षाको खाँचो भएको बताउनुभयो ।

वर्तमान शिक्षा नीतिले व्यवहारिक र वैज्ञानिक शिक्षा दिन नसकेको टिप्पणी गर्दै उहाँले भन्नुभयो, "शिक्षा केवल प्रमाणपत्र प्राप्त गर्ने माध्यम बन्नु हुँदैन, जिम्मेवार र सक्षम नागरिक बनाउने उद्देश्य शिक्षाको हुनुपर्छ ।"

विद्यार्थीलाई गुणस्तरीय शिक्षा प्रदान गर्न शिक्षा प्रणालीमा सुधार आवश्यक रहेको चर्चा गर्दै अध्यक्ष बिजुक्छेँले नेपालले स्वतन्त्र र सन्तुलित परराष्ट्र नीति अवलम्बन गर्नुपर्नेमा जोड दिनुभयो ।

ठुला राष्ट्रहरूको प्रभावमा परेर निर्णय गर्नु उपयुक्त हुँदैन । राष्ट्रिय हितलाई केन्द्रमा राखेर नीति निर्माण गर्नुपर्छ, उहाँले थप्नुभयो ।

वर्तमान अन्तर्राष्ट्रिय परिस्थितिबारे चर्चा गर्दै अध्यक्ष बिजुक्छेँले अन्तर्राष्ट्रिय शक्ति सन्तुलन, आर्थिक प्रतिस्पर्धा र भू-राजनीतिक तनावले साना तथा विकासशील राष्ट्रहरूमा समेत प्रभाव पारिरहेको उल्लेख गर्नुभयो ।

उहाँले भन्नुभयो, "विश्व राजनीतिले नेपाललाई पनि प्रत्यक्ष-अप्रत्यक्ष रूपमा असर गरिरहेको छ, त्यसैले हामी सचेत हुनु जरुरी छ ।"

नेपालमा नयाँ सरकार गठनको प्रक्रियाबारे चर्चा गर्दै राजनीतिक दलहरूले जनताको अपेक्षाअनुसार स्थिर र उत्तरदायी सरकार निर्माण गर्नुपर्ने बताउनुभयो । बारम्बार हुने सत्ता हेरफेरले विकास र नीतिगत स्थिरतामा असर पार्ने भन्दै उहाँले स्पष्ट नीति र दीर्घकालीन दृष्टिकोणसहित सरकार अघि बढ्नुपर्ने धारणा राख्नुभयो ।

स्थानीय उत्पादनको प्रवर्द्धनमार्फत मात्र देशको आर्थिक विकास सम्भव हुने भएकोले विदेशी वस्तुमा निर्भरता घटाउँदै नेपाली उत्पादनलाई प्राथमिकता दिनुपर्नेमा अध्यक्ष बिजुक्छेँले जोड दिनुभयो ।

विद्यार्थीहरूलाई पाठ्यक्रममा मात्र सीमित नराखी साहित्यिक तथा समसामयिक पुस्तकहरू अध्ययन गर्न उत्प्रेरित गर्नुपर्ने सुझाव दिँदै उहाँले विद्यार्थीको दृष्टिकोण फराकिलो बनाउन शिक्षक, प्राध्यापकले मेहनत गर्नुपर्ने बताउनुभयो ।

वाग्मती प्रदेशका सभासद् सुरेन्द्रराज गोसाईले नयाँ पुस्ताको भविष्य, शिक्षा प्रणाली र वर्तमान राजनीतिक-सामाजिक अवस्थाबारे चिन्ता व्यक्त गर्नुभयो ।

युवापुस्तालाई सही दिशामा लैजान आवश्यक रहेको चर्चा गर्दै सांसद गोसाईले वर्तमान अवस्थालाई चिन्तनमनन गर्नुपर्ने र नयाँ पुस्तालाई केवल औपचारिक शिक्षामा सीमित नराखी वास्तविक जीवनका अनुभवसँग जोड्नुपर्ने सुझाव दिनुभयो ।

शिक्षकहरूको भूमिकालाई विशेष जोड दिँदै विद्यार्थीलाई देशप्रेम विषयमा सचेत गराउनु आवश्यक रहेको चर्चा गर्दै उहाँले भन्नुभयो, "देश जोगाउन विद्यार्थीहरूलाई सानै उमेरदेखि

*बाँकी पृष्ठ ८ मा*

## आफ्नो देशमा वस्तु र सेवा उत्पादन बढेमा महँगी नियन्त्रण

भक्तपुर, २६ चैत । सिकर्मी सङ्घ भक्तपुरको आयोजनामा बिस्का जात्रा तथा नव वर्षको उपलक्ष्यमा बिहीबार शुभकामना आदान-प्रदान कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका सचिव प्रेम सुवालले विदेशी ऋण बढेसँगै महँगी पनि बढ्दै आउने उल्लेख गर्दै आफ्नो देशमा वस्तु र सेवा उत्पादन बढेमा महँगी नियन्त्रण हुने बताउनुभयो ।

नेपालको नदीनालाबाट नेपालीकै लगानीमा जलविद्युत् उत्पादन गरिएको भए ग्यास र तेल आयातमा भइरहेको व्यापार घाटा नबढ्ने र महँगी पनि नियन्त्रण हुने सचिव सुवालको भनाइ हो ।

उहाँले मूल्यवृद्धिसँगै गरिब झन्झन् गरिब हुने भएकोले सरकार जनताप्रति जवाफदेही भएर गरिबी नियन्त्रण गर्नेतर्फ लाग्नु जरुरी छ भन्नुभयो ।

मूल्यवृद्धि र आर्थिक सङ्कट रोक्न अर्थतन्त्र मुठीभर व्यक्तिको कब्जामा होइन समाजको नेतृत्वमा सञ्चालन हुनुपर्ने आवश्यकता औँल्याउँदै उहाँले यस्तो समाज व्यवस्थामा मात्र महँगी नियन्त्रण र करमुक्त हुने बताउनुभयो ।

सचिव सुवालले भन्नुभयो, "पुराना सरकारहरूले देशलाई विदेशी ऋणको जालमा फसाएको विरोध गरी चुनाव जितेको नयाँ सरकारले १२ दिनमा देशमा थप ४० अर्ब १९ करोड रुपैयाँ बढाएको सार्वजनिक भयो । सरकारको नेतृत्व गर्नेहरूले नयाँ सरकार हुनु भनेको निरन्तरताबाट विच्छेद नभएको बताएको सार्वजनिक भयो । पुरानै काम गर्ने भए नयाँ सरकार बन्नुको के अर्थ होला ?"

"संरा अमेरिकाको ट्रम्प प्रशासनले इरानमा सैन्य हमला र आक्रमण गरेको कारण इन्धन अभाव हुँदा नयाँ सरकारले सार्वजनिक यातायात क्षेत्रमा यात्रु बोक्नेको १६.७१ प्रतिशत, सामान बोक्नेको पहाडमा २१ प्रतिशत र तराईमा १५.७५ प्रतिशत भाडा बढाएको सार्वजनिक भयो । यसले उपभोग्य सामानको मूल्य बढ्ने छ, गरिबी पनि बढ्ने भयो । ट्रम्पको युद्धको विरोधमा इरानी जनताको देशभक्ति नेपाली जनताले पनि सिक्नु आवश्यक छ," उहाँले भन्नुभयो ।

सचिव सुवालले सबै पेसाका कामदारवर्गबिच देश र विदेशको वर्तमान अवस्थाबारे छलफल चालू राख्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

नेपाल क्रान्तिकारी मजदुर सङ्घका केन्द्रीय उपाध्यक्ष उपेन्द्र सुवालले देशको समस्या समाधान गर्ने पहिलो प्राथमिकता सरकारको हुने भएकोले विभिन्न बाधाहरूको निर्क्योल गरेर सरकारले व्यवस्था गर्न सकिने भएकोले नेपालमा स्वदेशी सामानलाई प्राथमिकता दिनुपर्नेमा जोड दिनुभयो ।

नेपाल क्रान्तिकारी मजदुर सङ्घ भक्तपुर जिल्ला अध्यक्ष विष्णुराम दुमरुले नेपाल सरकारले विदेशी ऋणभन्दा पनि आफ्नै देशको स्रोत साधनलाई प्राथमिकतामा राखेर काम गर्न सकेको खण्डमा मूल्यवृद्धि नियन्त्रण हुने बताउनुभयो ।

कार्यक्रमका सभापति विक्रम ढुकुछुले विभिन्न फर्निचरका कच्चा पदार्थ सामानको १० प्रतिशतदेखि ५० प्रतिशतसम्म मूल्यवृद्धि भएकोले उत्पादित फर्निचरका सामानमा पनि १० देखि १५ प्रतिशतसम्म मूल्यवृद्धि गर्नुपर्ने विचार राख्नुभयो ।

कार्यक्रममा सङ्घका उपाध्यक्ष रामसुन्दर सुवाल, सचिव पुण्यराम न्हुछे, कार्य समिति सदस्य विष्णुसुन्दर देशेमरु र सदस्य रोशन बागले पनि आ-आफ्नो विचार व्यक्त गर्नुभयो ।

## देश कमजोर भएपछि विदेशी हस्तक्षेप बढ्छ

हेटौँडा, २६ चैत । 'देश कमजोर भएपछि विदेशी हस्तक्षेप बढ्छ । विदेशीले चलखेल गर्छन् र हेप्छन् । तसर्थ, देश जोगाउन विद्यार्थीहरूलाई सानै उमेरदेखि देशभक्तिपूर्ण भावना दिन आवश्यक छ । हाम्रा विद्यार्थीहरूलाई इतिहास, संस्कृतिको अध्ययनमा उत्साहित गर्दै नागरिक भावना दिनु राज्यको दायित्व हो ।"

उक्त विचार नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवम् बाग्मती प्रदेशसभा सदस्य सुरेन्द्रराज गोसाईले बुधबार बसेको बाग्मती प्रदेशसभा बैठकमा राख्नुभएको हो ।

प्रदेशसभा बैठकको विशेष समयमा बोल्दै सांसद गोसाईले देशमा विदेशी दबाब तथा प्रभाव बढ्दै गएको चर्चा गर्दै भन्नुभयो, "शनिबार र आइतबार दुई दिन बिदा दिने निर्णय पश्चिमा देशमा अध्ययन गरेर आएका सल्लाहकारहरूबाट प्रभावित भएर गरिएको त होइन ?"

उहाँले अगाडि भन्नुभयो, "देश गरिबी र पछौटेपनबाट शिथिल बन्दै छ । जनतालाई त काम गर्न तथा परिश्रम गर्न प्रेरित गर्नुपर्ने हो । अझ बढी सक्रिय एवम् स्वयम्सेवी बनाउनुपर्ने हो ।"

प्रदेशसभा सदस्य गोसाईंले देशप्रेम इरानी जनताबाट सिक्नुपर्ने बताउँदै अमेरिकी राष्ट्रपति ट्रम्पले इरानी सभ्यता नास गर्ने धम्की दिनेबित्तिकै असङ्ख्य इरानी महिला, युवा, बालबालिका आत्मबलिदानको भावनाससहित प्रतिकारमा उत्रेको घटना अभूतपूर्व रहेको दाबी गर्नुभयो ।

क्युवाका राष्ट्रपति मिगुयल डियाज कानल अमेरिकी हमलाको प्रतिवाद गर्न खेत-खेतमा युवा-विद्यार्थीहरूको नेतृत्व गर्दै उत्पादनमूलक कार्यमा लागिरहेको प्रस्ट पार्दै नेपाली जनताले पनि कृषि उत्पादनमा जोड दिँदै आत्मनिर्भरताको बाटो रोज्नुपर्ने धारणा सांसद गोसाईले व्यक्त गर्नुभयो ।

बाग्मती प्रदेशसभामा रिक्त रहेको सभामुख पदको निर्वाचन वैशाख ६ गते हुने बताइएको छ ।

## देको मिवा इटापाके जग्गा एकीकरणबारे सकारात्मक पहल

भक्तपुर, २६ चैत । भक्तपुर नगरपालिकाद्वारा सञ्चालित देको मिवा इटापाके जग्गा एकीकरण आयोजनामा देखिएका समस्या समाधानको लागि सकारात्मक पहल भइरहेको स्रोतले बताएको छ । स्थानीय जग्गाधनी तथा घरधनी उपभोक्ताहरूका जायज मागहरू सम्बोधन गर्दै जग्गा फिर्ता प्रक्रिया र भौतिक निर्माण कार्यले गति लिन थालेको छ ।

नगर प्रमुखको निर्देशनमा जनप्रतिनिधिहरू, उपभोक्ता समितिका प्रतिनिधि र आयोजनाका प्राविधिकहरूको टोलीले स्थानीय पीडित उपभोक्ताहरूको तर्फबाट सङ्घर्ष समितिका प्रतिनिधिहरूसँग चरणबद्ध छलफल गरिरहेको वडाध्यक्ष उकेश कवांले बताउनुभयो ।

उहाँले आयोजनाअन्तर्गत नगरकोट सडकसँग जोडिएका घर/जग्गाहरूको योगदान कटौती व्यवस्थापन, आयोजनापूर्व नगरपालिकाको नियमानुसार घर बनाएकाहरूलाई सहजीकरणलगायतका विषयमा सकारात्मक गृहकार्य भइरहेको र यी विषयमा जनभावनाबमोजिमको निर्णय हुने विश्वास व्यक्त गर्नुभयो ।

दुवै तर्फबाट जिम्मेवार व्यक्तिहरूको उपस्थितिमा छलफल भइरहेको र जनप्रतिनिधिहरू सधैँभरि जनताकै साथमा रहेको कारण वास्तविक समस्या पहिचान गर्दै न्यायोचित मागहरूको सम्बोधन हुने उहाँको भनाइ थियो ।

भनपा २ नं वडाका वडाध्यक्ष हरिप्रसाद बासुकलाले आयोजनाको दुईतिहाइभन्दा बढी क्षेत्र आफ्नो वडामा पर्ने भएकोले वडावासी जनताको समस्यालाई नजिकबाट विश्लेषण गर्दै समस्या समाधानका लागि सरोकारवालाहरूसँग छलफल गरिरहेको बताउनुभयो । आयोजनामा देखिएका केही प्राविधिक त्रुटीहरू सच्याउने कार्य पनि भइरहेको उहाँले बताउनुभयो । आफ्नो परिवारको नाममा रहेको जग्गाको सम्बन्धमा जनताबाट प्रश्न उठेकोमा आफू संवेदनशील रहेको उल्लेख गर्दै उहाँले आयोजनाले आफ्नो परिवारलाई जग्गा फिर्ता गर्न छुट्याएको जग्गा अझैसम्म फिर्ता नलिएको स्पष्ट पार्नुभयो ।

उहाँले समाजको समग्र हितको लागि समर्पित भई जनसेवामा लागिरहँदा कहिल्यै पनि व्यक्तिगत स्वार्थमा नपरेको प्रस्ट पार्दै आफ्नो परिवारले जनताको गुनासोलाई ध्यानमा राखेर आयोजनाको नियमानुसार योगदान कटौती गरेर जहाँ जग्गा दिए पनि आफूहरूलाई स्वीकार्य हुने बताउनुभयो । उहाँले परिवारको तर्फबाट आयोजनामा यससम्बन्धी लिखित निवेदन दिइसकेको स्पष्ट पार्नुभयो ।

स्थानीय उपभोक्ताहरूकै सहमतिमा उक्त क्षेत्रमा व्यवस्थित आवास क्षेत्र बनाउने उद्देश्यसहित उपत्यका नगर विकास प्राधिकरणसँग स्वीकृति लिएर भक्तपुर नगरपालिकाले उपभोक्ता समितिमार्फत आयोजना सञ्चालन गरेको आयोजना प्रमुख ओमहरि था श्रेष्ठले बताउनुभयो ।

भनपा वडा नं २ र ६ मा फैलिएको उक्त आयोजनाको कूल क्षेत्रफल १६५४ रोपनी ११ आना २ पैसा २ दाममध्ये २३ प्रतिशत (३८२ रोपनी) जग्गा बाटो निर्माणमा, ७४ रोपनी (४.५ प्रतिशत) जग्गा खुला क्षेत्रमा ११९८ रोपनी (७२.४३ प्रतिशत) जग्गा जग्गाधनी तथा घरधनीहरूलाई फिर्ता दिने आयोजना प्रमुखले बताउनुभयो ।

उहाँले फिर्ता दिने जग्गामध्ये जग्गालाई थपेर दिने जग्गा करिब २६ रोपनी र घरलाई थपेर दिने जग्गा करिब १६ रोपनी रहेको जानकारी दिनुभयो । बिक्रीको लागि ३५ रोपनी मात्र जग्गा छुट्याइएको उल्लेख गर्दै उहाँले सोही बिक्री जग्गाबाट प्राप्त हुने पैसाबाटै आयोजनाको सम्पूर्ण खर्च व्यवस्थापन गर्नुपर्ने हुँदा स्थानीय जनतालाई यसबारे प्रस्ट जानकारी दिइरहेको बताउनुभयो ।

*बाँकी पृष्ठ ८ मा*

# नयाँ पुस्तालाई स्वयम्सेवक भावनाको विकास गर्नुपर्ने




भक्तपुर, २६ चैत । साइनिङ स्टुडेन्ट एकेडेमीको वार्षिक उत्सव तथा सांस्कृतिक कार्यक्रमको भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले पानसमा दीप प्रज्वलित गरी एक समारोहबिच ग: पलीमा बिहीबार उद्घाटन गर्नुभयो ।

प्रिस्कूलका विद्यार्थीहरूलाई दीक्षित गर्नुका साथै स्कूल बाहिरको विभिन्न प्रतियोगिता, विभिन्न विधाका साइनिङ हिरो अफ दि २०८२ का विद्यार्थीहरूलाई अतिथि भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापति, वडाध्यक्ष उपेन्द्र सुवाल र अभिभावक सङ्घ नेपाल भक्तपुरका अध्यक्ष रामकृष्ण प्रजापतिले पुरस्कार वितरण गर्नुभयो ।

कार्यक्रममा अतिथि प्रजापतिले विद्यार्थीहरू देशका कर्णधार भएको उल्लेख गर्दै निरन्तर मेहनत गरे सफलता पाउने बताउनुभयो । उहाँले नयाँ पुस्तालाई स्वयम्सेवक भावनाको विकास गर्नुपर्ने आवश्यकता औँल्याउँदै आफै सरसफाइ गर्ने, श्रमदान गर्ने र सेवा गर्ने संस्कारको विकास गर्ने व्यवहार गर्न सिकाउनुपर्ने बताउनुभयो ।

उहाँले भेषभूषा, रहनसहन, लवाइ खवाइ र चाडबाड, मठमन्दिर र विभिन्न व्यक्तित्वहरूबारे जानकारी दिन र सिकाउन स्थानीय पाठ्यक्रम प्रकाशित गरेको बताउनुभयो ।

उहाँले खेलकुदबाट अनुशासनमा बस्ने, नियम थाहा हुने र स्वस्थ हुने भएकोले खेलकुद प्रतियोगिता आवश्यक भएको बताउनुभयो । उहाँले भोलिको समाज राम्रो बनाउने काम आजका बालबालिकाले गर्ने उल्लेख गर्दै राम्रो व्यवहार र असल संस्कार सिकाउनुपर्ने बताउनुभयो । उहाँले अभिभावक र शिक्षकहरूले बालबालिकाहरूले गर्न हुने र गर्न नहुनेबारे सिकाउनुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रममा वडाध्यक्ष उपेन्द्र सुवालले शिक्षा क्षेत्रमा मात्र नभई विद्यालयले अतिरिक्त क्रियाकलाप नाचगान, खेलकुद र बाहिरको अतिरिक्त क्रियाकलामा धेरै पदक जित्न सफल भएकोमा बधाई दिँदै यसले सीप विकास हुने बताउनुभयो । उहाँले भक्तपुर नगरपालिकाले शिक्षा, स्वास्थ्य, खेलकुद र सीपमूलक तालिममा ध्यान दिएको बताउँदै शिशुस्याहारदेखि उच्च शिक्षा हासिल गर्न ख्वप कलेज, इन्जिनियरिङ कलेज, नर्सिङ कलेजहरू सञ्चालन गरी कम शुल्कमा गुणस्तरीय शिक्षा दिइरहेको बताउनुभयो ।

अभिभावक सङ्घ नेपाल भक्तपुरका अध्यक्ष रामकृष्ण प्रजापतिले विद्यालयले टोल तथा समुदायको शैक्षिक विकासमा पुऱ्याउँदै आएको योगदानको प्रशंसा गर्दै एउटा असल विद्यालयले किताबको ज्ञान मात्र होइन, संस्कार, अनुशासन र जिम्मेवारी पनि सिकाउँछ भन्नुभयो । उहाँले समाजका उज्ज्वल भविष्य आजका बालबालिका भएको बताउँदै सानैदेखि सिकेको राम्रो बानी, अनुशासन र शिक्षा जीवनभरको सम्पत्ति हुने बताउनुभयो ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष गौरी छुस्याकीले साइनिङ स्टुडेन्टस् एकेडेमीको स्थापना कालदेखि व्यावहारिक र गुणस्तरीय शिक्षाको लागि हाम्रो विद्यालय भन्ने मूल नारा लिई भक्तपुरको एक नमुना विद्यालय बनाउने ध्येले स्थापित भएको बताउनुभयो । उहाँले समयको मागसँगै स्तरीय शिक्षासँगसँगै व्यवहारिक एवं नैतिक शिक्षा विद्यार्थीहरूलाई दिन आवश्यक भएको बताउनुभयो ।

कार्यक्रमका सभापति एवं विद्यालयका प्रिन्सिपल रविन छुस्याकीले विद्यार्थीहरूको चौतर्फी विकास गर्न विद्यालयले पढाइलाई गुणस्तरीय बनाउन लागिपरेको बताउनुभयो । कार्यक्रममा शिक्षिका प्रिया भट्टले पनि बोल्नुभएको थियो ।

# नैतिक र सामाजिक शिक्षालाई अवमूल्यन गर्न नहुने



भक्तपुर, २६ चैत । "आधारभूत शिक्षा नै विद्यालयको जग भएकोले व्यवहारिक ज्ञानसहित अध्ययन अध्यापनमा जोड दिन सके युग सुहाउँदो विद्यार्थी तयार हुनेछन् । ती विद्यार्थीहरूलाई विज्ञान र प्रविधिमा पनि पोख्त बनाउनुपर्दछ ।"

उक्त विचार भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले विद्यार्थी निकेतन माध्यमिक विद्यालय, साकोठा भक्तपुरको आयोजनामा सम्पन्न सम्मान, छात्रवृत्ति तथा पुरस्कार वितरण कार्यक्रममा बताउनुभएको हो ।

काम गरी खाने विद्यार्थीहरू प्राय: सामुदायिक विद्यालयमा अध्ययन गर्ने हुँदा भक्तपुर नगरपालिकाले सामुदायिक विद्यालयहरूको स्तरोन्नति गर्दै सम्पूर्ण नागरिकले शिक्षाको समान अधिकार पाउनुपर्ने मौलिक हक सुनिश्चित गर्ने कार्यमा महत्त्वपूर्ण कार्य गरिरहेको उहाँले बताउनुभयो ।

उहाँले नैतिक र सामाजिक शिक्षालाई अवमूल्यन गरिँदा समाजमा बेथिति र अपराधको घटना बढिरहेकोमा चिन्ता व्यक्त गर्दै हाम्रा पाठ्यपुस्तकले सामाजिक समस्या अन्त्य गर्न र अनुसन्धानमूलक शिक्षा प्रणाली अवलम्बन गर्नुपर्ने कुरामा जोड दिनुभयो ।

उहाँले बिस्केट जात्रा एक वैज्ञानिक र इन्जिनियरिङ शिक्षाले भरिपूर्ण भएको हुँदा यसबारे विभिन्न दृष्टिकोणबाट अध्ययन गर्नुपर्ने धारणा व्यक्त गर्नुभयो ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष योगेन्द्रमान बिजुक्छेँले विद्यालय र अभिभावकको जीवन्त सम्पर्कले शिक्षाको स्तर उकास्न मद्दत हुने विचार राख्दै विद्यालयको विकासको लागि भौतिक शक्तिमात्र नभई अन्तरवैयक्तिक शक्तिको पनि आवश्यकता रहने कुरा औँल्याउनुभयो ।

विद्यालयका पूर्वप्रअ नरेन्द्रभक्त हाडाले शिक्षकको सम्पत्ति भनेकै विद्यार्थीको सफलता भएको र यसले नै आत्मगौरव प्रदान गर्ने बताउनुभयो ।

उहाँले व्यापक जनताका छोराछोरी पढ्ने विद्यालयलाई स्तर उठाउन सबैले आ-आफ्नो स्थानबाट सहयोग गर्नुपर्नेमा विचार राख्नुभयो ।

उक्त कार्यक्रममा पूर्वविद्यालय व्यवस्थापन समितिका अध्यक्ष सिद्धिवीर कर्माचार्यले विनातयारी र हचुवाको भरमा सरकारले ल्याएको दुई दिन बिदा दिने नीतिले शैक्षिक क्षेत्रलाई थप हानि पुऱ्याउने धारणा राख्नुभयो ।

उहाँले विद्यार्थीहरूले आराम गर्न नहुने कुरा 'आराम हाराम' भन्ने भनाइले चरितार्थ गर्ने बताउनुभयो ।

संयुक्त परीक्षा समिति भक्तपुरका अध्यक्ष रोशनराज तुइँतुई र कक्षा ११-१२ स्तरीय संयुक्त परीक्षा समितिका अध्यक्ष चक्रबहादुर चाकतुले विद्यालयको प्रगतिको कामना गर्नुभएको थियो ।

उक्त कार्यक्रममा विद्यालयका पूर्वप्रअ नरेन्द्रभक्त हाडालाई विद्यालयमा पुऱ्याउनुभएको अतुलनीय योगदानको सम्मान गर्नुका साथै विद्यालयको छात्रवृत्ति कोष स्थापनार्थ योगदान दिनुहुने सिद्धिवीर कर्माचार्य, कृष्णप्रसाद रिमाल, जयन्त पौडेल, कृष्णलाल प्रधानलाई विद्यालयको तर्फबाट अतिथि रजनी जोशीले कदरपत्र प्रदान गर्नुभयो ।

सो कार्यक्रममा विद्यार्थीहरूलाई छात्रवृत्ति वितरण गर्नुका साथै विभिन्न शीर्षकमा उत्कृष्ट विद्यार्थीहरूलाई पुरस्कृत गरिएको थियो । शिक्षक उद्धव दाहाल र शिक्षिका संगीता कायष्ठले पनि बोल्नुभएको थियो ।

# विद्या आर्जनमा यूकेजी ग्राजुएसन समारोह

भक्तपुर, २६ चैत । विद्या आर्जन इङ्ग्लिस स्कूलमा यूकेजी तहका विद्यार्थीहरूको ग्राजुएसन समारोह २०८२ हर्षोल्लासका साथ बिहीबार सम्पन्न भयो ।

इसानका अध्यक्ष प्रेमजन थापाले विद्यालयको प्रशंसा गर्दै उत्कृष्ट नतिजासँगै विद्यार्थीहरूको शैक्षिक तथा सामाजिक व्यवहार विकासमा विद्यालयले महत्त्वपूर्ण भूमिका खेलेको बताउनुभयो ।

कार्यक्रममा प्रिन्सिपल पुरूषोत्तम ग्वाछाले शिक्षासँगै सह-पाठ्यक्रम गतिविधिको महत्त्वबारे प्रकाश पार्दै बालबालिकालाई उनीहरूको क्षमता नबुझी अरूसँग तुलना गर्न नहुने बताउनुभयो ।

उहाँले 'गरेर सिक्ने' नै सबैभन्दा प्रभावकारी सिकाइ विधि भएको उल्लेख गर्दै आधुनिक शिक्षण पद्धति, ग्रेड शिक्षण तथा गतिविधिमा आधारित सिकाइलाई विद्यालयले प्राथमिकता दिएको जानकारी दिनुभयो ।

उहाँले ३० वर्षभन्दा बढी अनुभव भएका शिक्षकहरूद्वारा बालबालिकालाई शिक्षण गराइँदै आएको उल्लेख गर्नुभयो ।

इसानका तालिम संयोजक कर्णबहादुर प्रजापतिले विद्यालयले समग्रमा, न्यून शुल्कमा उत्कृष्ट नतिजा दिँदै शैक्षिक गुणस्तर, व्यवहारिक ज्ञान र सामाजिक विकासमा केन्द्रित रही उल्लेखनीय प्रगति गर्दै आएको र आगामी दिनमा अझ राम्रो गर्ने विश्वास व्यक्त गर्नुभयो ।

अभिभावक राजु राजचलले विद्यालयले उपलब्ध गराउने पोषिलो तथा तातो खाना घरबाट पठाइने खानाभन्दा राम्रो भएको बताउँदै यसले बालबालिकाको स्वास्थ्य तथा सिकाइमा सकारात्मक प्रभाव पारेको बताउनुभयो ।

कार्यक्रमका सञ्चालक रञ्जन फाजुले कपास र बालुवाको उदाहरण प्रस्तुत गर्दै भन्नुभयो, "कपास र बालुवा समान देखिए पनि एउटै आकार र भाँडोमा राख्न सकिँदैन । किनकि, तिनीहरूको प्रकृति फरक हुन्छ । त्यसैगरी, सबै बालबालिका फरक फरक हुन्छन्, त्यसैले तुलना गर्नु उचित हुँदैन ।"

कार्यक्रमअन्तर्गत विभिन्न सांस्कृतिक कार्यक्रमहरू आयोजना गरिएको थियो । विद्यार्थीहरूले आकर्षक नृत्य, गीत तथा अन्य रचनात्मक प्रस्तुति दिएका थिए । अभिभावकहरूलाई पनि सहभागी गराउँदै विभिन्न खेलकुद कार्यक्रम सञ्चालन गरिएको थियो ।

# भनपा-१ मा सहकारी अनुगमन

भक्तपुर, २६ चैत । भक्तपुर नगरपालिका सहकारी अनुगमन समितिका पदाधिकारीहरूको टोलीले बिहीबार भक्तपुर नगरपालिका वडा नं. १ स्थित बचत तथा ऋण सहकारी संस्थाहरूको अनुगमन गरेको छ ।

अनुगमनको क्रममा सदस्यहरूको बचत रकम सञ्चालक समिति र कर्मचारीले प्रयोग गरेको, नियमविपरीत बिनाधितो ऋण प्रदान गरिएको, समयमा नियमअनुसार साधारणसभा नगरिएको, लेखा परीक्षण नगरिएको, ४ वर्षभन्दा बढी एउटै सञ्चालक समितिले चलाइरहेको, बिनाधितो प्रदान गरिएको, ऋण उठाउने प्रयास नभएको, संस्थाका सदस्यहरूले नियमित बचत नगरेको, सहकारी संस्थाले सामाजिक गतिविधि नगरेको, सञ्चालक समिति नियमअनुसार बैठक नबसेको कैफियत देखियो ।

भनपा सहकारी अनुगमन समितिका संयोजक एवं वडा नं. २ का वडाध्यक्ष हरिप्रसाद बासुकला, सदस्यहरू हरिरत्न गोर्खाली, श्यामसुन्दर माताङ, कृष्णगोपाल चौगुठीको उपस्थिति रहेको सो अनुगमनमा नियमानुसार सदस्यहरूको बचत फिर्ता गर्नुपर्ने बताउँदै सदस्यहरूको विश्वास जित्नेगरी काम गर्न सुझाव दिनुभयो ।

# भक्तपुरमा शुभकामना आदानप्रदान

# क्यालेन्डर विमोचन तथा तालिम समापन कार्यक्रम

भक्तपुर, २६ चैत । भक्तपुर घरेलु तथा साना उद्योग सङ्घ र भक्तपुर घरेलु बचत तथा ऋण सहकारी संस्था (साकोस) को संयुक्त आयोजनामा बिस्का जात्रा एवं नयाँ वर्ष २०८३ को पावन अवसरमा शुभकामना आदानप्रदान, भित्तेपात्रो विमोचन तथा नेल आर्ट तालिमको प्रमाणपत्र वितरण कार्यक्रम सम्पन्न भयो ।

भक्तपुर घरेलु तथा साना उद्योग सङ्घका अध्यक्ष श्यामसुन्दर श्रेष्ठको सभापतित्वमा भएको सो कार्यक्रममा सभापति श्रेष्ठले बिस्का जात्रा नयाँ वर्ष २०८३ को शुभकामना दिँदै उद्योग तथा वाणिज्य कार्यालयसँगको निरन्तर सहकार्यप्रति आभार व्यक्त गर्नुभयो । उहाँले आगामी वैशाखमा मध्यपुरको निगु पुखूमा आयोजना हुने १४ औँ घरेलु उत्पादन प्रवर्द्धन मेला अवलोकनको लागि सबैलाई निमन्त्रणा दिनुभयो ।

उक्त कार्यक्रममा प्रमुख अतिथि रामप्रसाद कुस्माले बिस्का जात्रा र नयाँ वर्षको शुभकामना व्यक्त गर्दै नेल आर्ट तालिम लिने प्रशिक्षार्थीहरूले सिकेको सीपलाई केवल प्रमाणपत्रमा सीमित नराखी उद्यमी बनेर आयआर्जनमा लाग्न आग्रह गर्नुभयो ।

कार्यक्रममा सङ्घका पूर्वअध्यक्ष एवं केन्द्रीय सदस्य तथा गो लोकल कार्यक्रमका संयोजक वीरेन्द्र जतिले सिकेको सीपलाई घरबाटै सुरु गरेर सफल व्यवसायी बन्न सकिने सुझाव दिनुभयो ।

भक्तपुर घरेलु बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष लक्ष्मण ग्वाछाले सहकारीले उद्यमीहरूका लागि प्रदान गर्दै आइरहेको सहुलियतपूर्ण कर्जाका बारेमा जानकारी दिँदै वित्तीय पहुँचको सदुपयोग गर्न आग्रह गर्नुभयो ।

कार्यक्रममा नेल आर्ट तालिमका प्रशिक्षार्थी चन्दा खत्रीले तालिमबाट प्राप्त अनुभव सुनाउँदै सीपले आत्मविश्वास बढाएको बताउनुभयो । कार्यक्रममा पूर्वअध्यक्षहरू राजु श्रेष्ठ र रामसुन्दर खाताखोलगायतले साना उद्योगको महत्त्व र स्वरोजगारका अवसरबारे आफ्नो धारणा राख्नुभएको थियो । सचिव श्रीजना कक्षपतिले सङ्घले गरिरहेका विविध गतिविधि र आगामी योजनाबारे प्रकाश पार्नुभयो ।

कार्यक्रममा १५ दिने नेल आर्ट तालिममा सहभागी प्रशिक्षार्थीहरूलाई अतिथि कुस्माले प्रमाणपत्र वितरण गर्नुभएको थियो ।

## हार्दिक समवेदना



जन्म २०२२/११/०३

निधन २०८२/१२/१४

दैलेख जिल्ला दुल्लु नपा १३ छड्डुङ टाकुरे आउत निवासी दानबहादुर शाहीकी धर्मपत्नी एवम् स्व.पन्जाप शाही र देवीसरा शाहीकी छोरी **देउमा शाही**को २०८२ चैत १४ गते असामयिक निधनप्रति मृतआत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं ।

**दाजु/भाइ**
बमबहादुर/नीरकबहादुर शाही

**दिदी/बहिनीहरू**
श्रीमती लालमती शाही, मोतीकला शाही, श्रीमती नैना शाही, टीका शाही,मनीषा शाही, लक्ष्मी शाही

**छोराहरू**
रवीन्द्र शाही ,अनिल शाही, धनबहादुर शाही, अर्जुन शाही र वीरेन्द्र शाही

**छोरीहरू**
श्रीमती सुनीता शाही मल्ल, मनिषा शाही (थापा), अनिता शाही

**तथा सम्पूर्ण शाही परीवार**

## सङ्क्षिप्त समाचार

# 'अनलाइन' बाट मतदाता नाम दर्ता

तनहुँ, २६ चैत । निर्वाचन आयोगले मतदाता नामावली सङ्कलन तथा अद्यावधिक कार्यक्रम पुन: सुरु गरिएको छ ।

राष्ट्रिय परिचयपत्रको विवरण प्रयोग गरी अनलाइनबाटै आवेदन दिन सकिने व्यवस्था गरिइएको छ ।

जिल्ला निर्वाचन कार्यालयका प्रमुख विकास लम्सालले भन्नुभयो, "आवेदन दिनेमध्ये करिब ९० प्रतिशतले राष्ट्रिय परिचयपत्रमार्फत अनलाइनबाटै नाम दर्ता गराएका छन् ।"

हालसम्म राष्ट्रिय परिचयपत्रबाट ४१९ जना र कार्यालयमा आई ५५ जना गरी ४६४ जनाले मतदाता नामावलीमा दर्ता गरेका छन् ।

यसैबिच दुवै निर्वाचन क्षेत्रबाट चुनावी प्रतिस्पर्धामा उत्रिएका सबै उम्मेदवारहरूले आफ्नो निर्वाचन खर्च विवरण बुझाएका छन् ।

तनहुँ क्षेत्र नम्बर १ का १६ र २ का ११ गरी कूल २७ जना उम्मेदवारले खर्च विवरण बुझाएको हुन् । **रासस**

# दोस्रो आर्थिक गणना, २०८२ का गणकलाई बिहीबारदेखि पाँचदिने तालिम

काठमाडौँ, २६ चैत । राष्ट्रिय तथ्याङ्क कार्यालयले सञ्चालन गर्न लागेको दोस्रो राष्ट्रिय आर्थिक गणना, २०८२ का लागि छनोट भएका गणकका लागि पाँचदिने तालिम कार्यक्रम बिहीबारदेखि देशभर एकैसाथ सुरु हुँदैछ ।

आर्थिक गतिविधिहरूको वास्तविक अवस्था, स्वरूप तथा संरचना पहिचान गरी राष्ट्रिय अर्थतन्त्रसम्बन्धी तथ्याङ्क अद्यावधिक गर्ने उद्देश्यले सञ्चालन गर्न लागिएको उक्त गणनाको तयारीअन्तर्गत गणकहरूलाई तालिम दिन लागिएको हो ।

राष्ट्रिय तथ्याङ्क कार्यालयको आयोजना तथा नेपाल पत्रकार महासङ्घसँगको सहकार्यमा बुधबार काठमाडौँमा आयोजित कार्यक्रममा उपप्रमुख तथ्याङ्क अधिकारी एवं प्रवक्ता ढुण्डिराज लामिछानेले देशभर रहेका ८४ कार्यालयबाट एकैसाथ तालिम सञ्चालन गरिने जानकारी दिनुभयो ।

उहाँका अनुसार आर्थिक गणनाका लागि आवश्यक गणकको छनोट प्रक्रिया पूरा भइसकेको र सम्बन्धित स्थानीय तहमा आवश्यक पत्राचार गरिसकिएको छ । तालिम कार्यक्रम पाँच दिनसम्म सञ्चालन हुनेछ र तालिम सम्पन्न भएपछि गणकहरू देशभर आफ्नो जिम्मेवारीअनुसार खटिने छन् ।

प्रवक्ता लामिछानेले भन्नुभयो, "बिहीबारदेखि देशभरका ८४ कार्यालयबाट पाँचदिने तालिम सुरु हुनेछ र तालिम सम्पन्न भएपछि आगामी २०८३ वैशाख २ गतेदेखि गणकहरू देशभर आर्थिक गणनाको काममा खटिनेछन् ।"

यसअघि नेपालमा पहिलो राष्ट्रिय आर्थिक गणना विसं २०७५ (वैशाख-जेठ) मा सञ्चालन भएको थियो । **रासस**

# प्रहरीमा दर्ता जाहेरी तथा निवेदनको प्रगति अब 'फोन वा एसएमएस' बाटै

काठमाडौँ, २६ चैत । तपाईँले प्रहरीमा कुनै गुनासा, उजुरी तथा जाहेरी दिएर त्यसको कार्यान्वयन कहाँसम्म पुग्यो भनी जानकारी लिन हैरानी झेल्नुभएको छ ? यदि त्यस्तो समस्यामा पर्नुभएको छ भने अब त्यस्ता समस्या बेहोरिरहनुपर्ने छैन । अब त्यो जानकारी तपाईंको मोबाइलमै आइपुग्ने छ ।

नेपाल प्रहरीले अब मातहतका निकायमा प्राप्त भएका निवेदन, गुनासा तथा जाहेरीको प्रगतिबारे 'फोन वा एसएमएस' बाटै जानकारी दिने भएको छ ।

नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता, प्रहरी नायब महानिरीक्षक अविनारायण काफ्लेले अब नागरिकका सेवा प्रभावकारी बनाउन फोन वा एसएमएसबाटै जानकारी दिने व्यवस्था सुरु गरिएको बताउनुभएको छ ।

प्रहरी प्रधान कार्यालयले एक सूचनामार्फत भनेको छ, "मुद्दा दर्ता हुने प्रहरी एकाइहरूसम्म सेवाग्राहीबाट प्राप्त हुन आएका उजुरी, निवेदन, गुनासो, जाहेरी दरखास्त आदि दर्ता भएपश्चात् त्यसको प्रगति के भयो र के-कसरी कार्यान्वयन भइरहेको छ भनेर सम्बन्धित सेवाग्राहीहरूले दिनुभएको सम्पर्क नम्बरमा फोन गरेर वा एसएमएसमार्फत सूचना दिने व्यवस्था लागू गरिएको व्यहोरा जानकारी गराउँछौँ ।"

यसरी जानकारी दिँदा सेवाग्राहीहरू प्रहरी कार्यालयमा आउनु नपर्ने भएकाले समयको बचत हुने प्रहरीको निष्कर्ष छ । **रासस**

# मानव बेचबिखन तथा ओसारपसारमा संलग्न रहेको अभियोगमा चार जना पक्राउ

काठमाडौँ, २६ चैत । मानव बेचबिखन तथा ओसारपसारमा संलग्न रहेको अभियोगमा चार जना पक्राउ परेका छन् ।

केन्द्रीय प्रहरी समाचारकक्षका अनुसार मकवानपुरको बकैया गाउँपालिका-१२ की ३० वर्षीया वास्ना माया योञ्जन, चन्द्रागिरि नगरपालिका-१४ नैकापका २३ वर्षीय आयुष केसी, दोलखाको भीमेश्वर नगरपालिका-४ का सुष्मा तामाङ र धादिङको थाक्रे गाउँपालिका-७ का ४२ वर्षीय हरिशम्शेर रायमाझीलाई मानव बेचबिखन अनुसन्धान ब्युरोबाट परिचालन भएको टोलीले उनीहरूलाई पक्राउ गरेको हो ।

अभियुक्तहरूले प्रलोभनमा पारेर नाबालिगलाई वेश्यावृत्तिमा लगाएको तथा केहीलाई हङकङमा आकर्षक तलबमा बेयराको काममा लगाइदिने प्रलोभनमा पारी कम्बोडिया पुऱ्याएको अनुसन्धानबाट खुलेको जनाइएको छ । **रासस**



**मुक्तिनाथ क्षेत्रमा हिमपात**
मुस्ताङको वारागुङ मुक्तिक्षेत्र गाउँपालिका-१ मुक्तिक्षेत्रमा परेको सेताम्मे हिउँ र आसपासका क्षेत्र । हिजो बुधबार परेको हिउँले मुक्तिक्षेत्रअन्तर्गत झारकोट, खिङ्गा, पुटाक, पुराङ, रानीपौवा र मुक्तिनाथ मन्दिर परिसर सेताम्मे भएको हो । *तस्बिर: सुशीलबाबु थकाली/रासस*

# तीन विश्वविद्यालयबिच प्राज्ञिक सहकार्यको समझदारी

दोधारा चाँदनी (कञ्चनपुर), २६ चैत । तीन विश्वविद्यालयबिच प्राज्ञिक सहकार्य गर्न समझदारीपत्रमा हस्ताक्षर भएको छ ।

महेन्द्रनगरस्थित सुदूरपश्चिम विश्वविद्यालयमा त्रिभुवन विश्वविद्यालय, मध्यपश्चिम विश्वविद्यालय र सुदूरपश्चिम विश्वविद्यालयबिच अध्ययन अनुसन्धान र प्राज्ञिक सहकार्यका लागि बुधबार त्रिपक्षीय समझदारी भएको विश्वविद्यालयका सूचना अधिकारी नवीनबहादुर बमले जानकारी दिनुभयो ।

उहाँका अनुसार विश्वविद्यालय अनुदान आयोगका अध्यक्ष प्राडा देवराज अधिकारीको उपस्थितिमा आयोजित कार्यक्रममा तीनै विश्वविद्यालयका उपकुलपतिहरूले समझदारीपत्रमा हस्ताक्षर गर्नुभएको हो । सुदूरपश्चिम विश्वविद्यालयका उपकुलपति प्राडा हेमराज पन्त, त्रिभुवन विश्वविद्यालयका उपकुलपति प्राडा दीपक अर्याल र मध्यपश्चिम विश्वविद्यालयका उपकुलपति प्राडा ध्रुवकुमार गौतमले सहमतिपत्रमा हस्ताक्षर गर्नुभएको हो ।

कार्यक्रममा सुदूरपश्चिम विश्वविद्यालयका रजिस्ट्रार प्रा डा. विनोद लेखकले समझदारीले विश्वविद्यालयबिचको सहकार्यलाई नयाँ उचाइमा पुर्‍याउने विश्वास व्यक्त गर्नुभयो । उहाँले भन्नुभयो, "उच्च प्राज्ञिक जनशक्तिको अभावलाई डिजिटल माध्यमबाट पूर्ति गर्दै दक्ष जनशक्ति व्यवस्थापनमा यो सम्झौता कोशेढुङ्गा सावित हुन्छ । यो समझदारीले शिक्षक तथा विद्यार्थीहरूको अध्ययन र अनुसन्धान कार्यलाई थप सहज र प्रभावकारी बनाउने अपेक्षा गरेका छौँ ।" तीन विश्वविद्यालयबिच शैक्षिक स्रोत, अनुसन्धान, प्रविधि र अनुभव आदानप्रदानलाई संस्थागत गर्ने लक्ष्य राखेको छ ।

विशेषगरी 'डिजिटल प्लेटफर्म'मार्फत संयुक्त कक्षा सञ्चालन, अनुसन्धान सहकार्य र प्राध्यापकहरूको साझा उपयोगजस्ता कार्यक्रम अघि बढाइने छ । यो सहकार्यले उच्च शिक्षामा गुणस्तरवृद्धि, स्रोतको प्रभावकारी उपयोग तथा आधुनिक प्रविधिमा आधारित शिक्षण प्रणालीको विकासमा महत्त्वपूर्ण योगदान गर्ने अपेक्षा गरिएको विश्वविद्यालयले जनाएको छ । **रासस**

# भक्तपुरमा दसौँ कृषि तथा व्यापार महोत्सव

भक्तपुर, २६ चैत । नयाँ वर्ष २०८३ सालको अवसरमा भक्तपुरमा 'दसौँ भक्तपुर औद्योगिक, सांस्कृतिक, पर्यटन, कृषि तथा व्यापार महोत्सव-२०८२/८३' बिहीबारदेखि सुरु भयो ।

औद्योगिक शान्ति नेपाल संस्थाले बिहीबारदेखि भक्तपुरको सल्लाघारीमा आयोजना गरेको महोत्सवमा १८० विभिन्न प्रदर्शनी कक्ष रहेको सथाका अध्यक्ष सन्दीप महतले जानकारी दिनुभयो । उहाँले उपभोक्तालाई एकै स्थानमा दैनिक उपभोग्य तथा सम्पूर्ण सामान उपलब्ध गराउने उद्देश्यले नयाँ वर्षको अवसरमा बृहत् औद्योगिक तथा व्यापार महोत्सव आयोजना गरेको बताउनुभयो ।

महोत्सवमा मानवीय दैनिक जीवनमा प्रयोगमा आउने दैनिक उपभोग्य सामग्री, खाद्यान्नका सामग्री, विभिन्न प्रकारका लत्ताकपडा, जुत्ताहरू, कृषि तथा हस्तकलाका सामग्री प्रदर्शनी एवं बिक्रीका लागि राखिएको उहाँले बताउनुभयो ।

औद्योगिक उत्पादनको प्रदर्शनी, हस्तकलाका प्रदर्शनी, काष्ठकला, माटोका भाडा, स्थानीय घरेलु उत्पादन, सूचना तथा विज्ञान प्रविधिको प्रदर्शनी, प्रविधिसम्बन्धी गतिविधि, अटो मोबाइल प्रदर्शनी, विद्युतीय मेसिन कृषि औजार प्रदर्शनी, मोबाइल तथा इलेक्ट्रोनिक्स सामानको प्रदर्शनी, व्यापार तथा पर्यटकीय प्रदर्शनी, लत्ताकपडा तथा भाँडाकुँडाको प्रदर्शनी एवं बिक्रीका लागि राखिएको उहाँले बताउनुभयो ।

स्थानीय उत्पादनलाई बजार प्रवर्द्धन गर्ने, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय ब्राण्डका विभिन्न सामान एकै थलोमा सुपथ मूल्यमा उपलब्ध गराउने, भक्तपुरको कला, संस्कृति, उत्पादन र सांस्कृतिक परम्परालाई एकै थलोमा प्रदर्शन गर्दै प्रचार गर्ने उदेश्यले नयाँ वर्षको अवसरमा महोत्सवको आयोजना गरेको जानकारी दिनुभयो ।

महोत्सवको संयोजक दीपक थापाले करिब पाँच लाखभन्दा बढीले महोत्सव अवलोकन गर्ने अपेक्षा गरिएको जानकारी दिनुभयो । महोत्सवमा बिक्री गरिने सामानहरूमा २० देखि ५० प्रतिशतसम्म छुटको व्यवस्था गरिएको छ । भक्तपुर, काठमाडौँ, ललितपुर, काभ्रेदेखि आसपासका जिल्लाका बासिन्दाले समेत यसबाट लाभ लिन सक्ने बताउँदै महोत्सवमा ज्येष्ठ नागरिक, अपाङ्ग र पाँच वर्षमुनिका बालबालिकालाई प्रवेश नि:शुल्क गरिएको बताउनुभयो ।

महोत्सवमा मुख्य आकर्षणको रूपमा 'लन्डन ब्रिज' देखि दैनिक राष्ट्रियस्तरका चर्चित गायकगायिकाका साङ्गीतिक प्रस्तुति रहने छ । उत्कृष्ट बाल उद्यान, रोटी पिङ्ग, ड्रागन ट्रेन, नाउ तथा बच्चाको खेलौना, विभिन्न प्रकारका खाना महोत्सव रहनेछ ।

दैनिक रूपमा राष्ट्रियस्तरका ख्यातिप्राप्त कलाकारहरूको गीत, सङ्गीतसहितको साङ्गीतिक प्रस्तुति, हाँस्य व्यङ्ग्य फेसन शो, नृत्य प्रतियोगिताले महोत्सवलाई थप आकर्षण बनाउने अध्यक्ष महत बताउनुहुन्छ । महोत्सव वैशाख ६ गते सम्पन्न हुनेछ । **रासस**

# विद्यार्थीबाट गैरकानुनी रूपमा सङ्कलन गरिएको शुल्क फिर्ता गर्न मन्त्रालयको निर्देशन

काठमाडौँ, २६ चैत । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले गैरकानुनी रूपमा सङ्कलन गरिएको शुल्क विद्यार्थीलाई फिर्ता गर्न सम्बन्धित सबैलाई निर्देशन दिएको छ ।

मन्त्रालयले बुधबार विज्ञप्ति जारी गरी केही संस्थागत विद्यालयहरूले प्रचलित कानुन तथा सम्मानित सर्वोच्च अदालतको आदेशविपरीत हुने गरी शैक्षिक सत्र २०८३ प्रारम्भ हुनुपूर्व नै विद्यार्थी भर्ना गर्ने र स्वीकृत मापदण्डभन्दा बढी शुल्क असुली गर्ने गरेको गुनासो आएकाले उक्त रकम फिर्ता गर्न निर्देशन दिएको हो ।

मन्त्रालयले भनेको छ, "कारवाही प्रक्रियाका सम्बन्धमा यस मन्त्रालयको मिति २०८२/१२/२२ गतेको प्रेस विज्ञप्तिमार्फत सम्बन्धित सबैलाई र मूलत: सबै स्थानीय तहहरूलाई अनुरोध गरिसकिएको छ, तथापि केही संस्थागत विद्यालयबाट अझै पनि कानुनविपरीत शुल्क लिने कार्य निरन्तर रहेको गुनासो आएको सन्दर्भमा शिक्षा ऐन (संशोधनसहित), २०२८ को दफा १६ घ (६) बमोजिम गैरकानुनी रूपमा सङ्कलन गरिएको शुल्क विद्यार्थीलाई फिर्ता गर्न सम्बन्धित सबैलाई निर्देश गरिन्छ ।"

मन्त्रालयले कुनै पनि विद्यालयले यो निर्देशनभन्दा अन्यथा गरेको पाइएमा सोही ऐनको दफा १६ घ (७) को प्रावधान तथा अन्य प्रचलित कानुनबमोजिम थप कारबाही प्रक्रिया अगाडि बढाउन पर्ने अवस्थामा गृह मन्त्रालय, सम्बन्धित जिल्ला प्रशासन कार्यालयहरू र स्थानीय तहहरूबाट आवश्यक समन्वयका लागि पनि अनुरोध गरेको छ ।

साथै, मन्त्रालयले विद्यार्थीको शुल्कसम्बन्धी सिकायत एवम् गुनासोको 'रिपोर्टिङ' तथा सहजीकरण प्रयोजनका लागि शिक्षा तथा मानवस्रोत विकास केन्द्रमा 'सहायता कक्ष' स्थापना गरिएकाले सोही कक्षमा फोन गरी थप सहायता प्राप्त गर्न सकिने र सम्पर्क व्यक्ति निर्देशक निमप्रकाश सिंह राठौर (फोन ९८५१२१४६३८ इमेल ratthour@gmail.com) लाई सम्पर्क गर्न सूचित गरेको छ । **रासस**

# अध्यक्ष ओली र नेता लेखक रिहा

काठमाडौँ, २६ चैत । प्रहरी हिरासतमा रहनुभएका एमालेका अध्यक्ष केपी शर्मा ओली र नेका नेता एवम् पूर्वगृहमन्त्री रमेश लेखक रिहा हुनुभएको छ ।

काठमाडौँ जिल्ला प्रहरी परिसर प्रमुख रमेश थापाले अध्यक्ष ओली र नेता लेखकलाई हाजिर जमानीमा थुनामुक्त गरिएको राससलाई बताउनुभयो ।

गत भदौमा भएको जेनजी आन्दोलनको घटनाको छानबिन गर्न गठित उच्चस्तरीय प्रतिवेदन कार्यान्वयन गर्ने सरकारको निर्णयका आधारमा नेपाल प्रहरीले अध्यक्ष ओलीलाई उहाँको निवास भक्तपुरको गुण्डु र लेखकलाई उहाँको निवास कटुञ्जेबाट यही चैत १४ गते नियन्त्रणमा लिएको थियो । अध्यक्ष ओलीलाई उपचार लागि महाराजगञ्जस्थित त्रिभुवन विश्वविद्यालय, शिक्षण अस्पतालमा राखिएको थियो । यसबिचमा अनुसन्धानका लागि जिल्ला अदालतबाट म्याद थप भई उहाँहरूलाई हिरासतमा राखिएकामा सर्वोच्च अदालतमा परेको बन्दी प्रत्यक्षीकरणको रिटमा पछिल्लो थपिएको म्याद अनुसन्धान पूरा गरी मुद्दा दर्ता गर्न वा रिहा गर्न आदेश भएको थियो । अध्यक्ष ओली र नेता लेखकका श्रीमतीहरू क्रमश: राधिका शाक्य र यशोदा लेखकले बन्दी प्रत्यक्षीकरणको रिट दायर गर्नुभएको थियो । **रासस**

**। सम्पादकीय ।**

# बाह्य हस्तक्षेप र दबाबको विरोध गर्नुपर्छ

विगतमा शासक दलहरूको क्रियाकलापले जनतामा गणतन्त्रप्रति अनास्थामात्र होइन असन्तोष पनि बढेको हो । शासक दलहरूले जनतालाई राजनीतिक, सैद्धान्तिक, वैचारिक र साङ्गठनिक हिसाबले सचेत र सङ्गठित गर्ने काम गरेनन् । देश र जनताको पक्षमा उनीहरूले काम गर्न सकेनन्; जनताको विश्वास जित्न सकेनन् । शक्तिको अहङ्कारी देखाउँदा, बल, पैसा र भागबन्डाको राजनीतिमा शासक दलहरू केन्द्रित हुँदा देशको अनुहार फेर्न सकिएन । विगतका शासकहरू या ठुला दलका नेताहरू गएको निर्वाचनमा हारेपछि अहिले प्रायश्चित गर्दै छन् । उनीहरू आफूले विगतमा गरेको कमी कमजोरी र गल्ती औँल्याउँदै छन् । निर्वाचनको नतिजाबारे कमी कमजोरी औँल्याउनु र समीक्षा गर्नु ठिक्कै हो; त्यो आवश्यक पनि छ ।

नेपालको स्वाधीनता र स्वतन्त्रताको निम्ति भारतीय विस्तारवाद र संयुक्त राज्य अमेरिकी साम्राज्यवादको खतरा पहिलेदेखि हुँदै आएको हो । अहिले अमेरिकी साम्राज्यवादको हस्तक्षेप बढेको छ । एमसीसी सम्झौता पारित भएपछि अमेरिकाको हस्तक्षेप बढेको हो । अमेरिकी सेना सजिलैसँग नेपालमा पस्ने बाटो सरकारले खोल्यो । अमेरिकी राजदूतावासले नेपालमा अमेरिकी गतिविधि बढाउन अमेरिकी युथ गठन अर्को विदेशी हस्तक्षेप हो । पुँजीवादीमात्र होइन साम्राज्यवादी देशहरू पुँजीवादी गतिविधि बढाउने र कम्युनिस्ट गतिविधि सेलाउन या कम गराउन अनेक जाल रच्छन् । अमेरिकाले नेपाली शासकहरूको फाइदा उठाउँदै अमेरिकी सेनाको गतिविधि बढाएको हो; शासकहरूको विरोध नहोस् भनी विकास र आर्थिक सहयोगको लोभ देखाएकै हो । शासकहरू आर्थिक लोभमा फसेर देशघाती सन्धि-सम्झौता गर्न अघि सारे ।

कम्युनिस्ट पार्टीहरूले सरकार गुम्यो भनेर चिन्ता गर्ने होइन । कम्युनिस्ट पार्टीले कम्युनिस्ट भएर कम्युनिस्ट पार्टीको उद्देश्यअनुसार काम नगर्दाको परिणाम सरकार गुमेको हो । यतिबेला कम्युनिस्टको सिद्धान्त र विचार अझै जनतामाझ पुऱ्याउन सकेको छैन भनी समीक्षा गर्नुपर्छ; शिक्षा लिनुपर्छ । रास्वपाले पाएको अहिलेको मत सिद्धान्त र विचारको होइन । सिद्धान्त र विचार बोकेको दलको मतमा त धेरै अदल बदल हुन्छ भने निश्चित सिद्धान्त र विचार नबोकेको दलको मत सधैँ स्थिर नहुने कुरामा शङ्का छैन । अब देशका सबै कम्युनिस्ट पार्टीहरूले सङ्घर्षबिना देशमा परिवर्तन सम्भव छैन भनी कम्युनिस्ट पार्टी र पुँजीवादी पार्टीको भेदबारे जनतालाई सुसूचित गर्नुपर्छ; समाजवाद र पुँजीवादको भेदबारे बताउनुपर्छ । अझ देशमा भइरहेको बाह्य हस्तक्षेप, दबाब, अतिक्रमणबारे बताउनुपर्छ ।

कम्युनिस्ट पार्टीहरू सत्ताको लोभमा फसेसम्म, सरकारमा गएर रजाइँ गर्ने विचार राखेसम्म देशमा परिवर्तनको पूर्वाधार बन्दैन । कम्युनिस्ट आन्दोलन अघि बढ्दैन; कम्युनिस्ट पार्टी बलियो बन्दैन । कम्युनिस्ट पार्टी बलियो नभएसम्म परिवर्तन सम्भव छैन । कम्युनिस्ट पार्टीले कहिले पनि वर्गीय सङ्घर्ष छोड्दैन; छोड्नु हुँदैन; बहुमत जनताको हितमा काम गर्न छोड्दैन । निजीभन्दा समुदाय या सामूहिक हितलाई जोड दिइएको हुन्छ । साम्प्रदायिक भावना, जातीय भावना र सङ्कीर्ण विचारको विरोध गरिएको हुन्छ । सिद्धान्तनिष्ठ राजनीति गरिएको हुन्छ । जनताका आधारभूत आवश्यक वस्तुलाई निजीकरण गरिएको हुँदैन । कम्युनिस्ट पार्टीले स्वदेशी पुँजी, स्वदेशी पुँजीपति छोडेर विदेशी पुँजी र विदेशी कम्पनी या व्यवसायीलाई स्थान दिँदैन । विडम्बना ! कम्युनिस्ट पार्टी भनिएको सरकारले जे गर्नुपर्ने हो गरेन; जे गर्न नहुने हो गऱ्यो । यसमा कम्युनिस्टको बखान गर्ने कम्युनिस्टहरू पुँजीवादी दलसँग मिलेर सरकारको नेतृत्वमा जाँदा कम्युनिस्ट पार्टी र कम्युनिस्ट आन्दोलन पछि पऱ्यो ।

अब कम्युनिस्ट पार्टीले शिक्षा लिनुपर्छ । विगतको कमी कमजोरी हटाएर अघि बढ्नुपर्छ । जनतामाझ कम्युनिस्ट शिक्षा दिनुपर्छ । बहुमत जनता राजनीतिक रूपले सचेत र सङ्गठित नभइकन परिवर्तन सम्भव छैन भन्ने कुरा बुझी सैद्धान्तिक र वैचारिक अभियान छेड्नुपर्छ । कम्युनिस्टहरू निरास भएर होइन अझ जोश र जाँगरका साथ लाग्नुपर्छ । कुनै दलको उम्मेदवार हारे पनि सिद्धान्त र विचार हार्दैन । जहिलेसम्म देशमा किसान, मजदुर, श्रमजीवी जनता भइरहन्छन् तहिलेसम्म कम्युनिस्ट विचार र सिद्धान्त भइरहन्छ । अत: देशका सबै कम्युनिस्ट पार्टीहरू जनताको दु:ख सुख बुझी जनतामाझ भिजिरहनुपर्छ ।

# इन्धन अभाव कसले गरायो ?

**● प्रज्ज्वल**

जेनजी आन्दोलनको जगमा विसं २०८२ फागुन २१ गते भएको प्रतिनिधिसभाको चुनावमा नयाँ पार्टीको नाममा रास्वपाको झन्डै दुईतिहाइ स्थान पुग्यो । रास्वपा नयाँ पार्टी होइन किनभने विसं २०७९ को चुनावमा २० स्थान ल्याएको रास्वपाले पुराना पार्टीहरू एमाले र माओवादीको समर्थनमा दुई पटक उपप्रधानमन्त्रीसहित गृहमन्त्री र श्रम तथा रोजगारमन्त्री, शिक्षा विज्ञान तथा प्रविधिमन्त्री भएको थियो । झन्डै साढे तीन वर्ष रास्वपाले प्रतिनिधिसभाको उपसभामुख पनि चलाएको थियो । पुरानो पार्टीसँग सरकारको भागबन्डा गर्ने रास्वपा कसरी नयाँ पार्टी हो ? निश्चय पनि होइन ।

रास्वपाले चैत १३ गते आफ्नो नेतृत्वमा सरकार गठन गऱ्यो । रास्वपाको सरकार गठन भएको सातौँ दिन चैत १९ गते पेट्रोल र डिजेलको मूल्य प्रतिलिटर रु. १५ बढायो । वरिष्ठ पत्रकार राजेन्द्र बानियाका अनुसार पुराना सरकारले यसरी नै मूल्य बढाउँदा सन् २०२४ नोभम्बर १५ मा काठमाडौँ महानगरपालिकाको तत्कालीन प्रमुखको पदबाट बालेन्द्र साहले सामाजिक सञ्जालमा विरोध गरेका थिए - "भारतबाट तेलको मूल्य बढ्यो भन्दैमा बढाउन पाइन्छ ? जनतालाई राहत दिनुपर्ने सरकारको कर्तव्य छैन ? यस्तो महँगी भइरहने हो भने सरकारको काम के हो ? जनताको सरकार किन चाहियो ?"

पत्रकार बानिया थप्छन्, "यतिखेर बालेन्द्र साह रास्वपाको सरकार प्रमुखमा छन् । भारतमा मूल्य बढेको छैन । नेपालमा मूल्य किन बढ्यो ? सरकारले प्रतिलिटर पेट्रोलमा रु. ६५ र डिजेलमा रु. ४७ कर लिएको घटाएर भए पनि मूल्यवृद्धि रोक्नु जरुरी छ । मूल्यवृद्धिको विरोध गरेकाहरूलाई रास्वपाका साइबर सेनाले टोक्न आउँछन् किन ?"

संरा अमेरिकाको ट्रम्प र इजरायलको नेतन्याहु प्रशासनले इरानमा सैन्य हमला गरेको कारण नेपालमा पेट्रोलियम पदार्थ आपूर्ति कम भएको र मूल्यवृद्धि भएको हो । रास्वपाको सरकारले इरानमा सैन्य हमलाको विरोध किन गरेन ? नेपालमा पेट्रोलियम पदार्थको मूल्यवृद्धि हुनुमा ट्रम्प र नेतन्याहु प्रशासन दोषी भएको यथार्थ रास्वपाले किन उठाएन ? नेपाली जनताले रास्वपाको सरकारसँग देहायका प्रश्न उठाउन किन नपाउने ?

नेपालमा भारत हुँदै आउने पेट्रोलियम पदार्थ खाडी मुलुकभन्दा पनि रुसबाट आउने हो । रुसले भारतलाई पेट्रोलियम पदार्थ पठाइरहेकै छ । रास्वपा सरकारले रुससँग पेट्रोलियम पदार्थ खरिद नगर्न भारतलाई दबाब दिने ट्रम्प प्रशासनको विरोध किन गरेन ?

रास्वपा सरकारले इन्धन खपत घटाउन २०८२ चैत २३ गतेदेखि हप्तामा दुई दिन शनिबार र आइतबार सरकारी कार्यालय, सार्वजनिक निकाय र शैक्षिक संस्थाहरूमा बिदा दिने निर्णय गऱ्यो । कतिपय देशमा युद्धको बेला पनि सुरक्षित स्थानमा विद्यालय र कलेज सञ्चालन गरिएको हुन्छ । रास्वपा सरकारले अत्यावश्यक नभएका उद्योगहरू बन्द गरेर शैक्षिक संस्था र कृषि उत्पादन क्षेत्रमा इन्धन आपूर्ति गर्नु जरूरी हुन्छ । निजी शैक्षिक संस्थाहरूमा सरकारको कुनै आर्थिक सहयोग छैन । रास्वपा सरकारले निजी शैक्षिक संस्थालाई समेत हप्ताको दुई दिन बन्द गराउने निर्णय गरेको नयाँ पुस्ताको भविष्यमा प्रहारजस्तै हो । जेनजीको आन्दोलनबाट आएको रास्वपा सरकारले जेनजीको भविष्यमा प्रहार किन गर्दै छ ? हप्तामा दुई दिन सार्वजनिक बिदाको अभ्यास तेस्रो पटकको हो । नेपालजस्तो विकासमा पछि परेको देशमा जनताको सेवा गर्न रास्वपा सरकारले सबैलाई योग्यताअनुसारको काम र कामअनुसारको पारिश्रमिकको व्यवस्था गरी हप्ताको ६ दिन पूरै सेवा गराउनु जरुरी छ । यसो नगर्ने भए रास्वपाले जनताको सरकार दाबी गर्न कसरी मिल्छ ? नेपालमा वर्षको ३६५ दिनमध्ये सार्वजनिक बिदा १४५ दिन किन चाहियो ?

रास्वपा सरकार गठनको १० दिनमा पुँजी बजारमा सूचिकृत धितोपत्रहरूको मूल्य ५० खर्ब ९ अर्ब ३८ करोडबाट रु. ४ खर्ब ५८ अर्बले घटेको सार्वजनिक भयो । यसबारे कतिपय विश्लेषकहरूले पुँजीबजारले रास्वपा सरकारलाई विश्वास नगरेको पनि औँल्याए । कतिपयले नेपालको पुँजी विदेशमा पलायन भइरहेको कारण पनि पुँजीबजारको मूल्य घटेको बताए । पुँजी पलायन नियन्त्रण गर्न रास्वपा सरकारले नेपालीको सम्पत्तिको सीमाङ्कन र विदेशमा सम्पत्ति राख्न नपाउने कानुनी व्यवस्था गर्नु आवश्यक छ । केहीले पुँजीबजारसँग प्रत्यक्ष जोडिएका 'विचौलिया' दीपक भट्ट, शङ्कर समूहका सञ्चालकहरू शङ्कर अग्रवाल र उनका छोरा सुलभ अग्रवाललाई सम्पत्ति शुद्धीकरणसम्बन्धी अनुसन्धानमा पक्राउ गरिएको हुँदा पुँजीबजार ओरालो लागेको बताए । शङ्कर समूहका कम्पनीहरूलगायत निश्चित कम्पनीलाई अर्बौं र खर्बौं रुपैयाँ कर्जा दिने नेपाल राष्ट्र बैङ्कका अधिकारीहरूलाई पनि देशमा अहिले भइरहेको आर्थिक सङ्कटको दोषी बनाउनु जरुरी किन हुँदैन ? उत्पादनका ठुला ठुला सेवा र साधन समाज वा सरकारको नेतृत्वमा सञ्चालन गर्नेतर्फ रास्वपा सरकार लाग्नु जरुरी छ ।

यतिबेला रास्वपाको सरकारले प्रशासन र न्यायालयसमेतको 'मसल' देखाएर जनतालाई तर्साउने होइन प्रजातन्त्र र विकाससँगसँगै अघि बढाएर सुसंस्कृत समाज निर्माण गरेर देखाउने हो । निर्वाचनअघि रु. १००।- मूल्य पर्ने सामान निर्वाचनपछि रु. ३००।- पुगेको सर्वसाधारण जनताको गुनासो छ । मुद्रास्फीति बढ्दो छ ।

रास्वपा सरकारले विश्व बैङ्क र एसियाली विकास बैङ्कबाट २७.६ अर्ब रुपैयाँ ऋण लिने निर्णय गऱ्यो । संरा अमेरिकी साम्राज्यवादको हात खुट्टाको रूपमा रहेका यी आर्थिक निकायहरूबाट यसअघिका सबै सरकारहरूले ऋण लिँदै देशलाई ऋणको जालमा पारेका हुन् । जेनजी आन्दोलनको बलमा सरकारमा पुगेको रास्वपाले पनि पुराना सरकारहरूकै ऋण जालोलाई निरन्तरता दिने भए यो सरकारको औचित्य के हो ?

**रास्वपा सरकारले जनतालाई स्पष्टीकरण दिनुपर्ने केही विषयहरू उठिरहेका छन् :**

● रास्वपा सरकारको महान्यायधिवक्तामा नियुक्ति भएका व्यक्ति बेलायतको स्थायी बसोबास अनुमति पाएका हुन् कि होइनन् ? उनी आफैले बेलायतमा सम्पत्ति जोडेको बताएको सत्य हो कि होइन ?

● कँडेल सहकारी ठगीसम्बन्धी रविको पक्षमा वकालत गर्दै आएका वकिल हुन् कि होइनन् ?

● रास्वपाका एक मन्त्रीले पोखरा फेवातालको लेकसाइडमा २० रोपनी जग्गा भाडामा लिएर बहाल नतिरेको सत्य हो कि होइन ?

● रास्वपाका एक सांसदले वरिष्ठ पत्रकार बानियासँग सहकारी ठगीमा जोडिएका जीबी राईलाई जीउँदो भए नेपाल ल्याउने बताउनुको अर्थ के जीबीको मृत्यु भइसकेको आशङ्का हो ?

● सरकारको कार्यसूचीमा उल्लेख एक सय दिनमा सहकारी पीडितको रकम फिर्ता गर्ने कसरी ? जनताको करबाट जम्मा भएको सरकारी ढुकुटीबाट फिर्ता दिने कि सम्बन्धित सहकारी सञ्चालक ठगहरूबाट क्षतिपूर्ति भराउने ?

● एसईई परीक्षाको उत्तरपुस्तिका सोही केन्द्रमा सोही दिन परीक्षण गराई एक महिनामा प्रकाशित कसरी गर्ने ? परीक्षणको कोठा कसरी बन्दोबस्त गरिएको छ ? के सबै परीक्षकलाई एउटै कोठामा राखेर परीक्षण गोप्यता भङ्ग गरिएको हो ?

● प्रहरी हिरासतमा रहेका पूर्वप्रम केपी ओलीले अदालतमा दिएको बयानमा "तत्कालीन परिस्थितिमा सेनासँग अपेक्षित समन्वय हुन सकेन र त्यसैले राजीनामा दिनुपर्ने अवस्था सिर्जना भयो" भनी उल्लेख भएको के सत्य हो ? यस्तो परिस्थिति आउन नदिन तत्कालीन ओली सरकारले के कस्तो भूमिका निर्वाह गरेको थियो, बयान लिनु जरुरी छ ।

रास्वपा कसैले तयार गरेको लहरमा सरकारमा पुग्नु सजिलो होला तर देश र जनताको नि:स्वार्थ सेवा गर्नु गाऱ्हो हुनेतर्फ सचेत हुनु आवश्यक छ ।

२०८२ चैत २३

# सेवामा सास्ती किन ?

**✍ कृष्णप्रसाद लामिछाने, हेलम्बु, सिन्धुपाल्चोक**

नेपालमा आज गम्भीर प्रश्न उभिएको छ–सेवामा सास्ती किन ? विशेषगरी स्वास्थ्य बीमा कार्यक्रमजस्तो जनमुखी पहलको प्रयोग गर्न जाँदा नागरिकले सहजता होइन, झन्झट र अव्यवस्था भोग्नुपरेको यथार्थले यो प्रश्न अझ तीव्र बनाएको छ । उपचार खर्च घटाउने र स्वास्थ्य सेवामा पहुँच विस्तार गर्ने उद्देश्यले सुरु गरिएको यो कार्यक्रम नीतिगत रूपमा सराहनीय छ । यसले राज्यले नागरिकप्रति आफ्नो दायित्व बुझेको सङ्केत दिन्छ । तर, जब यही सुविधा लिन जाँदा रातिदेखि लाइन बस्नुपर्ने, प्रक्रिया जटिल हुने र समयमै सेवा नपाइने अवस्था देखिन्छ, तब 'सेवा' नै प्रश्नको घेरामा पर्छ ।

सबैभन्दा पहिले, सरकारले स्वास्थ्य बीमा कार्यक्रम तथा विपन्न लक्षित दीर्घरोग उपचार सहयोगजस्ता योजनाहरू सुरु गरेकोमा आभार व्यक्त गर्नैपर्छ । यी प्रयासले स्वास्थ्य क्षेत्रमा दीर्घकालीन सुधारको सम्भावना बोकेका छन् । सीमित स्रोत र चुनौतीपूर्ण परिस्थितिका बाबजुद राज्यले नागरिकको उपचार खर्च कम गर्ने दिशामा चालेको यो कदम प्रशंसनीय छ । त,नीतिको सफलताको वास्तविक मापन यसको व्यवहारिक कार्यान्वयनमै निर्भर हुन्छ ।

व्यवहारमा देखिएको मुख्य समस्या व्यवस्थापनसँग सम्बन्धित छ । बीमामार्फत सेवा लिन चाहने बिरामीलाई बिहान ८ बजे टोकन लिन राति ४ बजे नै अस्पताल पुग्नुपर्ने अवस्था–यो केवल भीडको समस्या होइन, प्रणालीगत कमजोरीको सङ्केत हो । अस्पताल १० बजे मात्रै खुल्ने भए पनि त्यसअघि नै घण्टौँ लाइन बस्नुपर्ने बाध्यता, बिरामी र उसका आफन्तका लागि अतिरिक्त पीडाको कारण बनेको छ । उपचारभन्दा पहिले नै थकान, तनाव र अनिश्चितता भोग्नुपर्ने अवस्था कुनै पनि संवेदनशील सेवा प्रणालीसँग मेल खाँदैन ।

यससँगै अर्को गम्भीर पक्ष सेवामा देखिएको असमानता हो । बीमाबाट उपचार गराउने र नगद तिरेर सेवा लिनेबिच व्यवहारिक फरक देखिने गुनासोले प्रणालीमाथिको विश्वास कमजोर बनाउँछ । एउटै सेवा, तर फरक व्यवहार–यो अवस्था दीर्घकालीन रूपमा खतरनाक हुन सक्छ । स्वास्थ्य सेवा नागरिकको मौलिक अधिकार हो; त्यसैले यसको पहुँच र गुणस्तरमा समानता सुनिश्चित गर्नु राज्यको प्राथमिक दायित्व हो ।

नीतिगत रूपमा हेर्दा, स्वास्थ्य बीमा कार्यक्रमलाई अझ प्रभावकारी बनाउन केही स्पष्ट सुधार आवश्यक छ । पहिलो, सेवा प्रवाहलाई प्रविधिमैत्री बनाउनुपर्छ । डिजिटल टोकन प्रणाली, अनलाइन अपोइन्टमेन्ट र समय व्यवस्थापनलाई संस्थागत गर्न सकेमा अनावश्यक भीड र प्रतिक्षा समय घटाउन सकिन्छ । दोस्रो, सेवा प्रदायक संस्थाहरूलाई स्पष्ट मापदण्ड र कडा अनुगमनमा राख्नुपर्छ, ताकि बीमा र नगद सेवाबिच कुनै विभेद नहोस् । तेस्रो, गुनासो व्यवस्थापन प्रणालीलाई सशक्त बनाउँदै सेवाग्राहीको आवाज तुरुन्त सुन्ने र सम्बोधन गर्ने संस्कार विकास गर्नुपर्छ ।

स्वास्थ्य क्षेत्रको समग्र सुधारका लागि मानव स्रोत व्यवस्थापन, पूर्वाधार विकास र सेवा विस्तारमा पनि समानान्तर ध्यान दिन आवश्यक छ । योजना ल्याएर मात्र होइन, त्यसलाई प्रभावकारी रूपमा कार्यान्वयन गरेर नागरिकको दैनिक जीवनमा सहजता ल्याउन सकेमा मात्र सुधारको अनुभूति हुनेछ ।

अन्तत:, सरकारको सफलता नीतिको घोषणामा होइन, त्यसको प्रभावमा मापन हुन्छ । स्वास्थ्य बीमा कार्यक्रमजस्तो सकारात्मक पहलले जनताको आशा बढाएको छ; अब त्यो आशालाई विश्वासमा रूपान्तरण गर्ने जिम्मेवारी राज्यकै हो । अस्पतालको लाइनमा उभिएको नागरिकले राज्यको संवेदनशीलता र क्षमता दुवैको मूल्याङ्कन गरिरहेको हुन्छ । त्यसैले आवश्यक छ–थालिएको राम्रो प्रयासलाई व्यवस्थित, प्रभावकारी र नागरिकमैत्री बनाउने दृढता ।

सेवाको नाममा सास्ती होइन, सास्तीको अन्त्य गर्दै वास्तविक सेवा दिने दिशामा अघि बढ्न सकेमा स्वास्थ्य क्षेत्रमा गरिएको यो राम्रो थालनी आफ्नो पूर्ण उद्देश्यमा पुग्नेछ ।

# पतनको मार्गमा अमेरिकी साम्राज्य-१

● प्रोफेसर रिचर्ड वुल्फ

*(विश्व चर्चित अर्थशास्त्री प्रोफेसर रिचर्ड वुल्फसँग अलजजिराले लिएको यो अन्तर्वार्ताले वर्तमान भू-राजनीतिक द्वन्द्व र यसले विश्व अर्थतन्त्रमा पारेको गहिरो प्रभावलाई सूक्ष्म रूपमा केलाएको छ। विशेष गरी अमेरिका, इजरायल र इरानबिचको तनावले कसरी इन्धनको मूल्य वृद्धि, मलको अभाव र खाद्यान्न सङ्कट निम्त्याउँदै सामान्य मानिसको भान्छासम्म असर पुऱ्याउँछ भन्ने तथ्यलाई यसले उजागर गर्दछ। विगत सात दशकदेखि विश्व राजनीति र अर्थतन्त्रमा हाबी रहेको अमेरिकी साम्राज्य अहिले आन्तरिक ऋण र वित्तीय असन्तुलनका कारण पतनको मार्गमा रहेको वस्तुपरक विश्लेषण यस अन्तर्वार्तामा अर्थशास्त्री वुल्फले गरेका छन्। यसै सन्दर्भमा, अमेरिकाको एकछत्र प्रभाव घट्दै जाँदा चीन, रुस र भारतजस्ता उदीयमान शक्तिहरू र 'ब्रिक्स' (BRICS) को बढ्दो सान्दर्भिकताले नयाँ विश्व व्यवस्थाको सङ्केत गरेको छ। सैन्य औद्योगिक कम्प्लेक्सको मुनाफाको खेल र राजनीतिक नेतृत्वले जनताको ध्यान मोड्न प्रयोग गर्ने युद्धको रणनीतिका बिच यो सामग्रीले 'बाँच र बाँच्न देऊ' को सिद्धान्तमा आधारित बहुध्रुवीय विश्वको आवश्यकतालाई जोड दिन्छ भन्ने कुराको बोध अन्तर्वार्ता पढ्दा हुन्छ। विश्व राजनीतिका जटिल रणनीति र तिनले नागरिक जीवनमा पार्ने प्रभाव बुझ्न चाहनेका लागि यो अन्तर्वार्ता एक पठनीय दस्तावेज हो।)*




**अलजजिरा : अमेरिका र इजरायलले इरानमाथि युद्ध सुरु गरेदेखि हामीले तेलको मूल्यमा वृद्धि, बजारमा अस्थिरता देखिरहेका छौँ। केही अर्थशास्त्रीहरूले सम्भावित मन्दीको चेतावनीसमेत दिएका छन्। यो युद्धले विश्व अर्थतन्त्रमा कति नराम्रो प्रभाव पारेको छ ?**

**वुल्फ :** आजको विश्वमा हामी सबै एउटै ठुलो अर्थतन्त्र हौँ भन्ने भावना झन् झन् बलियो हुँदै गएको हामीजस्ता मानिसहरूका लागि यसले कस्तो प्रमाण प्रस्तुत गर्छ भन्ने कुरा आश्चर्यजनक छ। यो ग्रह लामो आपूर्ति शृङ्खलाहरू, व्यापार र लगानीको तीव्र गतिका माध्यमबाट एकआपसमा जोडिएको छ र सबै अवरोधहरूका बाबजुद पनि यसको मजबुतीकरण अझ बढी हुँदै गएको छ। यसको सान्दर्भिकता यो हो कि करिब एक महिनाजति मात्र पुरानो यो युद्धले पहिले नै तेल, प्राकृतिक ग्यास, मल आदिको मूल्य वृद्धिमार्फत ठुलो प्रभाव पारिरहेको छ। त्यसैले यसले हरेक महादेश र शाब्दिक रूपमा हरेक उद्योगलाई कुनै न कुनै रूपमा असर गरिरहेको छ। उदाहरणका लागि, एउटा परिणाम के देखिन्छ भने धेरै छोटो समयमा यी मूल्य वृद्धिका कारण विश्वलाई पुगेको क्षतिले ट्रम्प र नेतन्याहूमाथि उनीहरूले अनुमान गरेभन्दा धेरै बढी दबाब सिर्जना गरिरहेको छ। किनकि उनीहरूले पनि हामीमध्ये धेरैजस्तैले अहिलेको विश्व अर्थतन्त्र कसरी काम गर्छ भन्ने कुरा पूर्ण रूपमा बुझ्न सकेका थिएनन्।

**अलजजिरा : त्यसो भए यो केवल मूल्य वृद्धि मात्र होइन जसले बढ्दो आर्थिक दबाब थपिरहेको छ। गत साता मात्र डोनाल्ड ट्रम्पले यो युद्धको वित्तीय व्यवस्थापनका लागि थप २०० अर्ब अमेरिकी डलर माग गरेका छन्। यसले अमेरिकी जनतालाई कसरी असर पार्नेछ ?**

श्री **वुल्फ :** यो हामी यहाँ संयुक्त राज्य अमेरिकामा सामना गरिरहेको एक वित्तीय विपत्ति हो। म यसलाई तपाईंलाई एकदम स्पष्ट रूपमा संक्षेप गर्न सक्छु। इरानमाथिको युद्ध हुनुअघि नै राष्ट्रपतिले केही यस्ता अभिव्यक्तिहरू गरेका थिए जसबारे तपाईंका दर्शकहरू अवगत हुनुहुन्छ भन्ने मलाई लाग्छ। ग्रिनल्याण्ड आफ्नो नियन्त्रणमा लिने, क्यानडालाई स्वतन्त्र देशबाट ५१ औँ राज्यमा रूपान्तरण गर्ने, पनामा नहर पुन: आफ्नो नियन्त्रणमा लिने, जबकि त्यो स्वतन्त्र देश हो। यसरी उनले रक्षा बजेट वा अहिले हामीले युद्ध विभागको बजेट भनेर चिन्ने रकमलाई हालको वार्षिक ९०० अर्ब डलरबाट अर्को आर्थिक वर्ष २०२७ सम्म १.५ ट्रिलियन पुऱ्याउने माग सार्वजनिक गरेका थिए। म विशेष रूपमा जोड दिन चाहन्छु, ९०० अर्बको आधारमा ६०० अर्बको वृद्धि। अहिले, यो शान्तिकालीन वा कथित शान्तिकालीन इतिहासमा अमेरिकी इतिहासकै सबैभन्दा ठुलो रक्षा खर्च वृद्धि हो, र त्यसपछि उनीहरू इरान युद्धका लागि थप २०० अर्ब मागिरहेका छन्। र राजस्व बढाउने उनका प्रमुख प्रस्ताव, अर्थात् उनका शुल्कहरू, केही हप्ताअघि सर्वोच्च अदालतले असंवैधानिक घोषणा गरिसकेको छ। त्यसैले एक मात्र वृद्धि समाप्त भएको छ। कम्पनीहरूले आफूले तिरेका शुल्कहरूको फिर्ता माग गरिरहेका छन्। उता उनले बजेटको सैन्य पक्ष मात्र ६०० प्लस २०० अर्थात् ८०० अर्बले बढाउने बाचा गरेका छन्।

संयुक्त राज्य अमेरिका पहिले नै विश्वको सबैभन्दा ठुलो ऋणी देश हो। अहिले हाम्रो घाटा एक ट्रिलियन डलरभन्दा बढी छ। हामी यस्तो समयमा विशाल परिमाणको वित्तीय सङ्कटतर्फ हेरिरहेका छौँ, जब विश्वका तीन प्रमुख क्रेडिट रेटिङ एजेन्सीहरू स्ट्यान्डर्ड एण्ड पूअर्स, मूडीज र फिचले अमेरिकी सरकारको क्रेडिट योग्यता ट्रिपलएबाट डबल एमा घटाइसकेका छन्। विश्वका अन्य देशहरू वा अमेरिकीहरूले सरकारले अहिले प्रतिबद्ध भएको काम गर्न आवश्यक पैसा उधारो दिनेछन् वा छैनन् भन्ने स्पष्ट छैन। यो सम्भावना अत्यन्त भयावह छ कि अमेरिकी अर्थतन्त्रको आन्तरिक एकता पनि हामीले पहिले कहिल्यै नदेखेको तरिकाले दबाबमा परेको छ।

**अलजजिरा : जब सरकारले यो युद्धको वित्तीय व्यवस्थापनका लागि थप २०० अर्ब अमेरिकी डलर माग गर्छ, यसबाट सबैभन्दा बढी कसलाई असर पुग्छ ?**

**वुल्फ :** यसको जवाफले हामीलाई हाम्रा नेताहरूले गर्ने अधिकांश कार्यहरूले गर्नेसरह नै असर गर्नेछ। यो माथिल्लो तहमा रहेका मानिसहरू र कम्पनीहरूमा शेयर भएकाहरूका लागि राम्रो छ। संयुक्त राज्य अमेरिकाका सबैभन्दा धनी १० प्रतिशत मानिसहरूसँग शेयर बजारको ८० प्रतिशत हिस्सा छ। त्यसैले जब तपाईं शेयर बजार बढिरहेको पढ्नुहुन्छ, यो शीर्ष १० प्रतिशतका लागि खुसीको खबर हो। तर धेरैजसो अमेरिकीहरूका लागि यो धेरै नराम्रो खबर हो। यसका केही कारणहरू यहाँ छन्। किनभने मल पेट्रोलियमबाट बन्छ, मलको मूल्य अत्यधिक बढिरहेको छ। दोस्रो कुरा, पेट्रोलियमबाट बनेको धेरैजसो मल स्ट्रेज अफ हर्मुजको बाटो भएर ढुवानी हुने गर्दथ्यो। अहिले त्यो सम्भव छैन। त्यसैले तपाईंसँग बढ्दो मूल्य र घट्दो आपूर्ति छ।

यो ठ्याक्कै अहिले वसन्त ऋतुमा, जब संसारका वा विश्वका धेरै भागका किसानहरूले बाली लगाउने समयमा भइरहेको छ। विश्वले नै मलको बढ्दो मूल्य उनीहरूले कति धान्न सक्छन् भन्ने कुरा पत्ता लगाउने प्रयास गरिरहेका छन्। के उनीहरूले यो पाउनेछन् त ? त्यसैले तपाईंलाई थाहा छ यसको अर्थ के हो ? त्यो हो- खाद्यान्नको बढ्दो मूल्य।

यहाँ दोस्रो कुरा डिजेलको मूल्य छ। डिजेल तेल सबै ट्रकहरूले प्रयोग गर्छन्। एक अमेरिकी र वास्तवमै संसारभरका धेरै मानिसहरूले आफ्नो स्थानीय पसलमा किन्ने हरेक चीज ट्रकको माध्यमबाटै त्यस पसलमा आउँछ। त्यो ट्रक डिजेलबाट चल्छ। इरानमा युद्ध हुनुभन्दा अघि डिजेलप्रति ग्यालन लगभग साढे तीन डलर थियो भने अहिले पाँच डलर पुगेको छ। यस प्रकारको परिवर्तनको अर्थ हरेक चीजको मूल्य बढ्दै जान्छ। तपाईंसँग जति थोरै पैसा हुन्छ, बढ्दो मूल्यले तपाईंलाई त्यति नै धेरै चोट पुऱ्याउँछ।

तपाईं भाग्यमानी हुनुहुन्छ र तपाईंको युनियन छ भने पनि, आफ्नो तलब बढाउन युनियन सम्झौता प्राप्त गर्न लामो समय र धेरै सङ्घर्ष लाग्छ। श्रमिक वर्गलाई यस स्थितिसँग मेल खान समय लाग्नेछ। यसैबिच, उनीहरूको पहिले नै कठिन आर्थिक अवस्था अझ खराब हुनेछ। र यो संयुक्त राज्य अमेरिकाको यस्तो यथार्थ हो जसले रिपब्लिकन पार्टीलाई नोभेम्बरको चुनावको बारेमा धेरै चिन्तित बनाएको छ।

**अलजजिरा : हामीले देख्यौँ कि कसरी यो युद्धले सम्पूर्ण विश्व र खाडीका अन्य देशहरूलाई असर गरेको छ। कतारको बारेमा थोरै कुरा गरौँ। कतार इनर्जीका सीईओ साद अल काबीले भने कि विश्वको सबैभन्दा ठुलो तरल प्राकृतिक ग्यास उत्पादन केन्द्र रास लाफानमा इरानको आक्रमणले पुऱ्याएको क्षतिले उनीहरूको सञ्चालन क्षमताको १७ प्रतिशत नष्ट गरेको छ र मर्मत गर्न ५ वर्षसम्म लाग्न सक्छ। त्यसैले भोलि नै बमबारी रोकियो र हर्मुज पूर्ण रूपमा खोलिए भने पनि, के यो भन्नु उचित हुन्छ कि हामीले आउने वर्षौंसम्म यस युद्धको प्रभाव महसुस गर्नेछौँ ?**

**वुल्फ :** हो, सबै कुरा चमत्कारिक रूपमा अहिले नै रोकियो भने पनि, यसका परिणामहरू प्रतिस्थापन गर्न पक्कै पनि वर्षौं लाग्नेछ। म यो जोड दिन चाहन्छु यो अझै प्रारम्भिक चरणमा रहेकोले यसको राजनीतिक र आर्थिक संयोजन के हुनेछ भन्ने कुरा हामीले अझै बुझ्न सकेका छैनौँ।

म तपाईंलाई केही उदाहरणहरू दिन्छु।

कतार वा संयुक्त अरब इमिरेट्स वा धेरै खाडी देशहरूले मूलत: १९७० र ८० को दशकमा आफ्नो माटो मुनिबाट तेल र ग्यास निकाल्ने, यसलाई आवश्यक पर्ने विश्वभर ढुवानी गर्ने र आफूले कमाएको पैसा वा डलर पुन: प्रयोग गर्ने सम्झौता गरेका थिए किनभने उनीहरूले ती सबै डलरमा बेचेका थिए। उनीहरूले सङ्कलन गरेको धेरैजसो अतिरिक्त डलर संयुक्त राज्य सरकारलाई ऋण दिएर र अन्तमा आफ्नो माटोमा अमेरिकी सैन्य अड्डाहरूलाई स्वागत गरेर यो सम्झौता गरेका थिए, किनभने त्यसले उनीहरूको लगानीको रक्षा गर्नेछ भन्ने तर्क थियो।

यो पछिल्लो एक महिनाको युद्धले देखाएको छ- त्यस व्यवस्था वा सम्झौताका लगभग हरेक पक्ष अब लागू हुँदैनन्। उदाहरणका लागि, उनीहरूले अब अमेरिकी अड्डाको उपस्थिति सुरक्षा होइन तर तपाईंलाई निशाना बनाउने माध्यम बन्दछ भन्ने थाहा पाएका छन्। यसले लगभग उल्टो प्रभाव पारेको छ। यसले इरानबाट ती मिसाइलहरू तान्यो जसले कतारमा क्षति पुऱ्यायो जसको बारेमा तपाईंले भर्खरै कुरा गर्नुभयो। र इरानीहरूसँग भएका ड्रोन र मिसाइलहरूको मात्रा र गुणस्तरमा कुनै सीमा छ भन्ने सङ्केत देखिएको छैन। र यदि इरानमा ती कुराहरूमा सीमा लगाइयो भने पनि, रूसीहरूसँगको उनीहरूको लामो सीमा र रूसीहरूले चिनियाँहरूसँग उपभोग गर्ने लामो सीमाको अर्थ यो हो कि रूसीहरूका लागि उपलब्ध सधैं असीमित मात्रामा हातहतियार र मिसाइलहरू उत्पादन गर्न सक्ने चिनियाँ उत्पादन संयन्त्रले इरानीहरूका लागि उपलब्ध गराउन सक्छन्।

सबै खाडी देशहरूका लागि उनीहरूले गरेको सम्झौतालाई व्यापक रूपमा पुन: विचार गर्नुबाहेक अर्को कुनै बाटो छैन, र यो त हामीले स्ट्रेट अफ हर्मुजमा इरानी नियन्त्रण र इरानीहरूले अब आफूले अस्तित्वको खतरा मानेको कुरा हटाउनका लागि असाधारण बमबारी, सजाय र क्षति सहन स्पष्ट रूपमा इच्छुक रहेको समस्यामा पुग्नु अघिको कुरा हो। र त्यो अस्तित्वको खतरा भनेको खाडीमा आर्थिक, राजनीतिक र सैन्य रूपमा संयुक्त राज्य अमेरिकाको उपस्थिति हो। त्यो माग हो। र यो एक ऐतिहासिक परिवर्तन हो जुन हामीले बुझ्न सुरु गरेका छैनौँ, यसका प्रभावहरू देख्ने कुरा त टाढै छ।

**अलजजिरा : त्यसोभए, संसार यस भद्रगोलबाट कसरी बाहिर निस्कन्छ ? पुनरुत्थान कस्तो देखिन्छ ?**

**वुल्फ :** मलाई डर छ कि यहाँ इरानीहरूसँग बलियो पकड छ। मलाई थाहा छ कि यो धेरै मानिसहरूका लागि एक आघात वा सायद अप्रिय विचारको रूपमा आउनेछ, तर के भइरहेको छ भनेर बुझ्न खोज्ने हामीमध्ये धेरैजना यो विचारमा पुगेका छौँ कि संयुक्त राज्य अमेरिकाको साम्राज्य पतनको मार्गमा छ भन्ने कुरा अब प्रश्नको विषय हुनु हुँदैन। प्रश्न अब यो मात्र हो कि यो पतन भयानक हुनेछ वा यो सहज र व्यवस्थित हुनेछ ? के संयुक्त राज्य अमेरिकाले चीन, रुस, भारत र विश्वका अन्य धेरै भागहरूसँग मिलेर विश्व अर्थतन्त्रलाई समायोजन गर्दै 'बाँच र बाँच्न देऊ' को बाटो खोज्नेछ ?

गत ७५ वर्षदेखि संयुक्त राज्य अमेरिका प्रभुत्वशाली थियो। अब यो त्यस्तो रहेन। र यो कुरा बुझ्नु आवश्यक छ। र इरानीहरू पक्कै पनि संयोगवश अहिले मुख्य विन्दुमा आइपुगेका छन्। उनीहरू भनिरहेका छन् कि हामी सुरक्षित हुनुपर्छ। हामी अब ब्रिक्सको हिस्सा हौँ। हामी अब चिनियाँ आर्थिक वृद्धिको अनुभवसँग जोडिएका छौँ र हामी एउटा आक्रामक संयुक्त राज्य अमेरिका र अझ बढी आक्रामक इजरायलसँग मिलेर बस्न सक्दैनौँ। यसलाई मौलिक रूपमा पुनर्गठित गरिनुपर्छ। तपाईंले त्यसो गर्नुभएन भने, हामीले खतरा महसुस गर्नेछौँ र हामी त्यो खतरालाई कम गर्न उपलब्ध सबै कदमहरू चाल्नेछौँ।

त्यसैले तपाईंको प्रश्नको मेरो जवाफ यो हो कि संयुक्त राज्य अमेरिकाले कि खाडी राष्ट्रहरूको परामर्शमा, इरानसँगको र फलस्वरूप सम्पूर्ण विश्वसँगको आफ्नो सम्बन्धलाई आमूल परिवर्तन गर्नुपर्नेछ। र यसको अर्थ संयुक्त राज्य अमेरिकाको शक्ति र स्थितिमा कटौती हुनु हो। संयुक्त राज्य अमेरिका र इजरायलले अस्वीकार गरे भने, यो युद्ध फेरि भड्किनेछ। यद्यपि यो भन्नु सही होला कि अहिलेका लागि यो केही मत्थर भएको छ। तर हामी एउटा अन्तहीन डरलाग्दो मुठभेड हेरिरहेका छौँ। युद्धरत पक्षहरूसँग भएका आणविक हतियारहरू यस कथाको हिस्सा बने भने कुनै पनि समयमा हाम्रो सभ्यताको अन्त्य हुन सक्छ।

**अलजजिरा : जनताको ध्यान भड्काउने एउटा तरिका हो। उनीहरूले केबाट ध्यान भड्काइरहेका छन् ?**

**वुल्फ :** यस देशका तीनवटा ठुला समस्याहरू छन्। एउटा वित्तीय सङ्कट हो। हामी एउटा यस्तो देश हौँ जसले आफ्ना जनताबाट कर उठाएको भन्दा धेरै पैसा खर्च गर्छ र यसले उदाहरणका लागि खाडी राष्ट्रहरूका साथै चीन, जापान र अन्य धेरै ठाउँहरूबाट ऋण लिने बानी बसालेको छ। विश्वका ती भागहरू संयुक्त राज्य अमेरिकालाई निरन्तर कोष उपलब्ध गराउने अवस्थामा छैनन्।

यो ७५ वर्ष अघिको दोस्रो विश्वयुद्धपछिको अनौठो स्थितिको प्रतिक्रिया थियो जब सम्पूर्ण विश्वको अर्थतन्त्र ध्वस्त भएको थियो र सन् १९३० को महामन्दी र दोस्रो विश्वयुद्धको बिचमा संयुक्त राज्य अमेरिकाको अर्थतन्त्र मात्र शक्तिशाली रूपमा बाँकी थियो। त्यसैले स्वाभाविक रूपमा डलर विश्वव्यापी मुद्रा बन्यो। संयुक्त राज्य अमेरिकाले बेलायत र अन्य सबै युरोपेली देशहरूलाई औपनिवेशिक वा अर्ध-औपनिवेशिक स्थितिमा प्रतिस्थापन गऱ्यो। तर अब त्यो समाप्त भएको छ। यो बुझ्नुपर्थ्यो कि यो धेरै समय टिक्नेवाला थिएन। यद्यपि अन्य देशहरूले संयुक्त राज्य अमेरिकालाई भेट्टाइसकेका छन्, जर्मनी र जापानले तुरुन्तै, बाँकी युरोपले लगभग, चीनले नाटकीय रूपमा, भारतले नाटकीय रूपमा र यस्तै अन्य।

यी ठुला परिवर्तनहरू हुन्, तर अब संयुक्त राज्य अमेरिकाले आफ्नो पकड कम गरेर यिनलाई समायोजन गर्नुपर्छ। बाँकी विश्वले यसलाई स्वीकार गर्ने छैन। त्यसैले त्यो यथार्थबाट ध्यान अन्यत्रतिर मोड्नु महत्त्वपूर्ण छ। धेरै विमानहरू र जलिरहेका भवनहरूको भिडियोहरूका साथ हामीले चाँडै जित्न सक्ने युद्ध यस ठुलो ऐतिहासिक समस्याबाट तपाईंलाई विचलित गर्ने एउटा तरिका हो। र त्यसपछि हामीसँग यहाँ संयुक्त राज्य अमेरिकामा दुईवटा धेरै गम्भीर र तात्कालिक समस्याहरू छन्।

एउटा, अमेरिकी इतिहासकै सबैभन्दा खराब यौन दुर्व्यवहार काण्ड हो। जेफ्री एपस्टाइनसँग जोडिएको यो मामिलाले राष्ट्रपति ट्रम्प, पूर्व राष्ट्रपति क्लिन्टन, र हाम्रो संस्कृतिका सबैभन्दा धनी र शक्तिशाली पुरुषहरूको एक विशाल समूहलाई छुन्छ, जसले ती सबैको राजनीतिक करियरलाई खतरामा पार्छ। क्लिन्टनको करियर त सकिइसक्यो, तर श्री ट्रम्प त्यो कार्यालयमा बसिरहनुभएको छ र कसलाई थाहा छ यो सबैलाई दबाउन खोजिरहेको यस सरकारबाट अन्तत: अझै कति नामहरू बाहिर आउनेछन्। जनतामा नाम र फाइलहरू निरन्तर प्रकट भइरहँदा पनि उनीहरूलाई यी सबैबाट ध्यान भड्काउनु आवश्यक छ।




इरानको राजधानी तेहरानमा इस्लामिक क्रान्तिका नेता आयतोल्लाह अलि खामेनीको शहादतको ४० औं दिनमा क्रान्ति र इस्लामिक गणराज्यप्रति समर्थन जनाउँदै भएको जनप्रदर्शन अप्रिल ९, २०२६ का दिन।

*तस्बिर : तस्निम न्युज एजेन्सी*

# मध्यपूर्व युद्ध : तनाव, वार्ता र अनिश्चितता

पेरिस, ९ अप्रिल (एएफपी)। अमेरिका–इरानबिच युद्धविराम सहमति भए पनि मध्यपूर्वमा हिंसा रोकिएको छैन। लेबनानमा इजरायलद्वारा तीव्र आक्रमण, इजरायल–हिजबुल्लाहबिच प्रतिकारात्मक कारबाही, तथा कूटनीतिक पहलहरू एकसाथ अघि बढिरहेका छन्, जसले क्षेत्रीय शान्ति अझै अनिश्चित रहेको स्पष्ट सङ्केत दिएको छ।

इरान समर्थित सशस्त्र समूह हिजबुल्लाहले बिहीबार इजरायलतर्फ रकेट प्रहार गरेको जनाएको छ। उसले यस कदमलाई अमेरिका–इरान युद्धविरामको ‘उल्लङ्घन’ विरुद्धको प्रतिक्रिया भनेको छ। एक दिनअघि मात्र लेबनानभरि भइरहेको इजरायली आक्रमणको घातक शृङ्खलाप्रति प्रतिक्रिया दिने ‘अधिकार’ रहेको उसले सार्वजनिक रूपमा बताएको थियो।

यसैबिच, इरानले रणनीतिक रूपमा अत्यन्त महत्त्वपूर्ण मानिने होरमुज जलडमरू क्षेत्रमा समुद्री जोखिम बढेको भन्दै जहाजहरूका लागि वैकल्पिक समुद्री मार्ग घोषणा गरेको छ। सो मार्गमार्फत आवतजावतका लागि नयाँ निर्देशिकासमेत सार्वजनिक गरिएको छ, जसले क्षेत्रीय व्यापार र ऊर्जा आपूर्तिमा असर पार्ने सङ्केत देखाएको छ।

लेबनानमा भएको आक्रमणप्रति अन्तर्राष्ट्रिय रेड क्रस समितिले तीव्र आक्रोश व्यक्त गरेको छ। लेबनानस्थित प्रतिनिधिमण्डल प्रमुख एग्नेस धुरले नागरिकहरू युद्धविरामको प्रतीक्षामा रहेका बेला भएको ‘विनाशकारी आक्रमण’ ले देशलाई त्रास र अराजकतामा धकेलेको बताउनुभयो।

फ्रान्सका राष्ट्रपति इमानुएल म्याक्रोनले भने अमेरिका र इरानका नेताहरूसँग संवाद गर्दै लेबनानलाई समेत युद्धविरामको दायरामा समेट्न आग्रह गर्नुभएको छ। उहाँले सबै सङ्घर्षग्रस्त क्षेत्रहरूमा युद्धविरामको पूर्ण पालना हुनुपर्नेमा जोड दिनुभयो।

लेबनानको स्वास्थ्य मन्त्रालयका अनुसार बुधबार इजरायली आक्रमणमा कम्तीमा १८२ जनाको मृत्यु भएको छ भने ८९० जना घाइते भएका छन्। राजधानी बेरुतले हालसम्मकै सबैभन्दा भीषण बमबारी झेलेको जनाइएको छ। इजरायली रक्षामन्त्रीले भने हिजबुल्लाहका संरचनाहरू लक्षित गरी आक्रमण गरिएको र यसलाई सन् २०२४ पछि उक्त समूहविरुद्धकै ठूलो कारबाही भएको निर्लज्ज दाबी गरे।

उता, तेहरानमा बसोबास गर्ने सर्वसाधारणमा मिश्रित प्रतिक्रिया देखिएको छ। केहीले युद्धविराम दिगो नहुने चिन्ता व्यक्त गरेका छन् भने धेरैले हप्तौंको तनावपछि राहत महसुस गरेको बताएका छन्। ५० वर्षीया गृहिणी साकिनेह मोहम्मदीले आफूहरू अहिले ‘धेरै सहज’ भएको र देशप्रति गर्व लागेको बताउनुभयो।

आर्थिक क्षेत्रमा भने युद्धविरामको प्रभाव देखिन थालेको छ। तेल तथा ग्यासको मूल्य घटेको छ भने विश्व सेयर बजारमा सुधार आएको छ। डाउ जोन्स इन्डस्ट्रियल एभरेज करिब २.९ प्रतिशतले बढेको छ भने प्रमुख तेल सम्झौता करिब १५ प्रतिशतले घटेर प्रतिब्यारेल ९५ डलरमा झरेको छ। यसले होरमुज जलडमरू पुनः खुल्न सक्ने अपेक्षा बलियो बनाएको छ।

इरानका राष्ट्रपति मसुद पेजेस्कियानले लेबनानमा इजरायली आक्रमण रोक्नु क्षेत्रीय युद्ध अन्त्यका लागि प्रस्तुत १० बुँदे योजनाको मुख्य शर्त भएको बताउनुभएको छ। इजरायलले हिजबुल्लाहविरुद्ध ठूलो आक्रमण सुरु गरेपछि उहाँको यस्तो धारणा सार्वजनिक भएको हो।

यसै सन्दर्भमा अमेरिकी उपराष्ट्रपति जेडी भान्सले इस्लामाबादमा हुने वार्तामा अमेरिकी टोलीको नेतृत्व गर्ने तयारी गरेका छन्। उनीसँगै विशेष दूत स्टिभ विटकफ र जारेड कुसनर पनि सहभागी हुने बताइएको छ।

संयुक्त राष्ट्रसङ्घका मानव अधिकार उच्चायुक्त भोल्कर टर्कले लेबनानमा भइरहेको हिंसालाई ‘भयावह’ भन्दै कडा आलोचना गर्नुभएको छ। उहाँले युद्धविराम सहमति भएको केही घण्टामै भएको यस्तो आक्रमणले विश्वासमाथि गम्भीर चोट पुर्‍याएको बताउनुभयो। रेड क्रसले पनि यस घटनाबाट ‘गहिरो आक्रोश’ व्यक्त गरेको छ।

यता, इजरायलका प्रधानमन्त्री बेन्जामिन नेतान्याहुले भने आवश्यक परे इरानविरुद्ध पुनः युद्धमा फर्कन आफूहरू तयार रहेको स्पष्ट पारेका छन्। “हामीसँग अझै पूरा गर्न बाँकी लक्ष्यहरू छन् र ती हामी सम्झौता वा लडाइँमार्फत पूरा गर्नेछौँ,” उनले टेलिभिजन सम्बोधनमा भने।

# लेबनानमा इजरायली आक्रमणले युद्धविराम सङ्कटमा

संयुक्त राष्ट्रसङ्घ, ९ अप्रिल (एएफपी)। लेबनानमा इजरायलका भइरहेको घातक सैन्य आक्रमणले अमेरिका–इरानबिच हालै सहमति भएको नाजुक युद्धविरामलाई गम्भीर जोखिममा पारेको भन्दै संयुक्त राष्ट्रसङ्घले तीव्र चिन्ता व्यक्त गरेको छ। द्वन्द्व थप चर्किने सङ्केत देखिएपछि कूटनीतिक प्रयासहरू कमजोर बन्दै गएको मूल्याङ्कन गरिएको छ।

संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसका प्रवक्तामार्फत जारी वक्तव्यमा लेबनानमा जारी सैन्य गतिविधिले युद्धविराम मात्र नभई, क्षेत्रीय स्थायित्व र दीर्घकालीन शान्ति स्थापनाका प्रयासहरूलाई समेत गम्भीर चुनौती दिएको उल्लेख गरिएको छ। महासचिवले सबै पक्षलाई तत्काल शत्रुता अन्त्य गरी वार्ताको बाटो रोज्न पुनः आह्वान गर्नुभएको प्रवक्ताले जनाउनुभयो।

लेबनानको स्वास्थ्य मन्त्रालयका अनुसार बुधबार भएको इजरायली आक्रमणमा कम्तीमा १८२ जनाको ज्यान गएको छ भने ८९० जना घाइते भएका छन्। राजधानी बेरुतकेन्द्रित यस बमबारीलाई इजरायल–हिजबुल्लाहबिचको हालको द्वन्द्व सुरु भएयताकै सबैभन्दा भीषण आक्रमण मानिएको छ।

क्षेत्रीय तनाव अमेरिका–इरानबिचको टकरावसँग जोडिएर थप जटिल बनेको छ। इरान समर्थित समूहहरूले इजरायललाई निशाना बनाएपछि लेबनान पनि युद्धको घेरामा तानिएको हो। यसैबिच, इरान र संयुक्त राज्य अमेरिका दुई साताको युद्धविराममा सहमत भए पनि इजरायलले लेबनानमा भइरहेको सैन्य कारबाही उक्त सहमतिको हिस्सा नभएको स्पष्ट पारेको छ।



संयुक्त राष्ट्रसङ्घले बढ्दो नागरिक हताहतीप्रति गहिरो दुःख व्यक्त गर्दै सर्वसाधारणमाथि भएको क्षतिको कडा निन्दा गरेको छ। “द्वन्द्वको कुनै सैन्य समाधान छैन,” भन्दै महासचिवले पुनः कूटनीतिक पहललाई प्राथमिकता दिन आग्रह गर्नुभएको छ।

यसअघि संयुक्त राष्ट्रसङ्घका मानव अधिकार उच्चायुक्त भोल्कर टर्क तथा अन्तर्राष्ट्रिय रेड क्रस समितिले लेबनानमा भएको व्यापक हत्या र विनाशलाई ‘भयावह’ भन्दै आलोचना गरेका थिए। टर्कले इरानसँग युद्धविराम सहमति भएको केही घण्टामै यस्तो हिंसा हुनु विश्वासमाथिको गम्भीर आघात भएको टिप्पणी गर्नुभएको थियो।

उता, फ्रान्सका राष्ट्रपति इमानुएल म्याक्रोनले पनि लेबनानलाई समेट्ने गरी व्यापक युद्धविरामको पहल गर्न अन्तर्राष्ट्रिय समुदायसँग आग्रह गर्नुभएको छ।

## लेबनानमा भएको इजरायली आक्रमणको राष्ट्रसङ्घद्वारा निन्दा

संयुक्त राष्ट्रसङ्घ, ९ अप्रिल (सिन्ह्वा)। संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले इजरायलले बुधबार लेबनानमा गरेको आक्रमणको निन्दा गर्नुभएको छ।

महासचिव गुटेरेसले विज्ञप्ति जारी गर्दै आक्रमणमा अधिकांश निर्दोष सर्वसाधारण ज्यान गुमाउन बाध्य भएको भन्दै आक्रमणको कडा निन्दा गर्नुभएको छ।

लेबनानमा जारी सैन्य गतिविधिले अमेरिका – इरान युद्धविराम र यस क्षेत्रमा स्थायी शान्तिको प्रयासको लागि गम्भीर जोखिम खडा गरेको जनाइएको छ।

महासचिवले सम्बन्धित पक्षलाई तुरुन्तै विवाद अन्त्य गर्न आह्वान गर्दै अन्तर्राष्ट्रिय कानुनको सम्मान नागरिकको सुरक्षा गर्नुपर्ने बताउनुभएको छ।

द्वन्द्वको कुनै सैन्य समाधान हुन नसक्ने कुरामा जोड दिँदै सबै पक्षलाई कूटनीतिक माध्यमबाट प्रयोग गर्न र सुरक्षा परिषद्को प्रस्ताव- १७०१ को पूर्ण कार्यान्वयनमा प्रतिबद्ध हुन आग्रह गर्नुभएको छ।

## विश्व सङ्क्षेप

### सन् २०२५ मा ३२६ जना मानव अधिकारवादी कामदारको हत्या : राष्ट्रसङ्घ

न्युयोर्क, ९ अप्रिल (क्युएनए)। संयुक्त राष्ट्रसङ्घीय मानवतावादी मामिला उप-महासचिव टम फ्लेचरले सन् २०२५ मा २१ वटा देशमा कम्तीमा ३२६ जना मानव अधिकारवादी सहायताकर्मीको हत्या गरिएको पुष्टि गर्नुभएको छ। गत तीन वर्षमा आक्रमणको कारण पीडित हुनेहरूको सङ्ख्या एक हजारभन्दा बढी पुगेको जनाउँदै उहाँले पछिल्लो समयमा मानवीय कामदारहरूलाई लक्षित गरी आक्रमणहरू वृद्धि भएको चेतावनी दिनुभएको छ।

मानवतावादी कामदार र संयुक्त राष्ट्रका कर्मचारीहरूको सुरक्षासम्बन्धी संयुक्त राष्ट्र सुरक्षा परिषद्मा भएको साक्षात्कारमा फ्लेचरले विगत तीन वर्षमा गाजा र वेस्ट बैङ्क क्षेत्रमा ५६० जनाभन्दा बढी मृत्यु भएको जनाएको छ।

अघिल्लो अवधिको तुलनामा विगत तीन वर्षमा मृत्युको सङ्ख्या तीन गुणा बढेको उल्लेख गर्दै उहाँले यो वृद्धि केवल संयोगमात्र नभई सुरक्षा प्रणालीको पतन भएको बताउनुभएको छ।

उहाँले मानवतावादी कामदारहरू युद्ध प्रभावितहरूलाई खाना, पानी र औषधिलगायतका अत्यावश्यक सामाग्री वितरण गर्दै गर्दा मारिएको उल्लेख गर्नुभएको छ।

### दक्षिण कोरिया र अमेरिकाद्वारा संयुक्त हवाई अभ्यासको घोषणा

सियोल, ९ अप्रिल (क्युएनए)। दक्षिण कोरियाले संयुक्त अपरेसनमा परिचालन दक्षता सुधार गर्ने प्रयासको रूपमा यस हप्ता संयुक्त राज्य अमेरिकासँग सयुक्त हवाई अभ्यास सुरु गर्ने घोषणा गरेको छ।

दक्षिण कोरियाली वायुसेनाले विज्ञप्तिमार्फत यो अभ्यास दक्षिणपश्चिमी सहर क्वाङ्जुको एयर बेसबाट सुरु हुने र दुई हप्तासम्म चल्ने बताएको छ।

युद्धाभ्यासहरूमा विभिन्न प्रशिक्षण कार्यक्रमहरू समावेश हुनेछन् जसमा रक्षात्मक काउन्टर ‘एयर इन्टरसेप्सन’ र क्लोज एयर सपोर्ट प्रशिक्षण कार्यक्रमहरू रहेका छन्। अभ्यासमा दक्षिण कोरियाले लडाकु जेटहरू, आक्रमण गर्ने विमानहरू र यातायात विमानहरू परिचालन गर्नेछ, भने अमेरिकी वायु सेनाका विमानहरू पनि अभ्यासमा सहभागी हुनेछन्। दक्षिण कोरियाली वायु सेनाले यस वर्षको अभ्यास दक्षिण कोरियाको नेतृत्वमा हुने पुष्टि गरेको छ।

### नाइजेरियामा भएको आक्रमणमा ६० जनाको मृत्यु

अबुजा (नाइजेरिया), २६ चैत (क्युएनए)। उत्तर पश्चिमी नाइजेरियामा भएको सशस्त्र आक्रमणमा कम्तिमा ६० जनाको मृत्यु भएको जनाइएको छ।

नाइजर राज्यको शिरोरो क्षेत्रको इरिना सहरमा भएको आक्रमणमा कम्तीमा २० जनाको मृत्यु भएको स्थानीय अधिकारीहरूले पुष्टि गरेका छन्। यसैगरी, बन्दुकधारीहरूले केब्बी राज्यका धेरै सहरहरूमा गरेको आक्रमणमा अन्य ४० भन्दा बढीको मृत्यु अधिकारीहरूले उल्लेख गरेका छन्।

पछिल्लो समयमा नाइजेरियाली राज्यहरूले सुरक्षा सङ्कटको सामना गरिरहेका छन्, जहाँ सशस्त्र गिरोहहरूले गाउँहरू लुटेका छन् भने बासिन्दाहरूलाई अपहरण गरेका छन्। यस्ता घटनाहरू दिनदहाडै बढ्दै जाँदा डर फैलिएको छ भने उत्तरपश्चिममा सक्रिय उग्रवादी समूहहरूले दक्षिणतिर आफ्नो प्रभाव विस्तार गर्न खोजिरहेका छन्।

# वार्ताअघि इस्लामाबाद बन्द

इस्लामाबाद, ९ अप्रिल (एएफपी)। अमेरिका–इरानबिच हुन लागेको संवेदनशील उच्चस्तरीय वार्ताको पूर्वसन्ध्यामा पाकिस्तानले राजधानी इस्लामाबादमा दुई दिनको आकस्मिक स्थानीय बिदा घोषणा गरेको छ। यसलाई सुरक्षा तयारीसँग जोडेर हेरिएको छ।

बिहीबारदेखि लागू हुने गरी गरिएको यस निर्णयबारे इस्लामाबाद जिल्ला प्रशासनले बुधबार राति सूचना जारी गर्दै औपचारिक कारण खुलाएको छैन। तथापि, राजधानीका अधिकारीहरूले विगतमा पनि उच्चस्तरीय कूटनीतिक गतिविधिहरूअघि सुरक्षा संवेदनशीलता ध्यानमा राख्दै यस्ता बिदा वा प्रतिबन्धहरू लागू गर्ने अभ्यास दोहोर्‍याउँदै आएका छन्।

पाकिस्तान हाल मध्यपूर्वमा जारी तनावका सन्दर्भमा अमेरिका र इरानबिच हुने वार्ताको तयारीमा जुटिरहेको छ। ह्वाइट हाउसका अनुसार अमेरिकी उपराष्ट्रपति जेडी भान्सले यसै सप्ताहन्त इस्लामाबादमा हुने वार्ताका लागि प्रतिनिधिमण्डलको नेतृत्व गर्ने कार्यक्रम रहेको छ। उक्त वार्तालाई क्षेत्रीय स्थिरतासँग जोडेर महत्त्वपूर्ण रूपमा हेरिएको छ।

घोषित बिदा बिहीबार र शुक्रबार इस्लामाबाद राजधानी क्षेत्रभित्र मात्र लागू हुने इस्लामाबाद जिल्ला प्रशासनले जनाएको छ। यस अवधिमा सरकारी तथा निजी कार्यालयहरू बन्द रहनेछन्, जसले राजधानीको गतिविधिमा उल्लेखनीय प्रभाव पार्ने अपेक्षा गरिएको छ।

यद्यपि, प्रशासनले अत्यावश्यक सेवाहरू निरन्तर सञ्चालनमा रहने स्पष्ट पारेको छ। प्रहरी, अस्पताल, विद्युत् तथा ग्यास आपूर्ति गर्ने निकायहरू खुला रहनेछन्। “आवश्यक सेवाहरू सञ्चालनमा रहनेछन्,” भन्दै उपायुक्तको कार्यालयले सामाजिक सञ्जालमार्फत बासिन्दाहरूलाई आफ्ना दैनिक गतिविधिहरू सोहीअनुसार योजना बनाउन आग्रह गरेको छ।

यस कदमलाई पाकिस्तानले अन्तर्राष्ट्रिय कूटनीतिक मञ्चमा आफूलाई मध्यस्थकर्ताको रूपमा प्रस्तुत गर्ने प्रयासको रूपमा समेत व्याख्या गरिएको छ, जहाँ सुरक्षा व्यवस्थापनलाई उच्च प्राथमिकता दिइएको देखिन्छ।

# मनसुन नभित्रिँदै बाढी र डुबानको त्रास

✍ उन्नति चौधरी



वर्षौंसम्म पुनर्निर्माणको रकम नपाएका बाढी तथा डुबान प्रभावित क्षेत्रका बासिन्दा बर्खायाम सुरू नहुँदै चिन्तित बनेका छन् भने विपद्का लागि प्रदेश सरकारले छुट्याउने बजेट सधैँ 'फ्रिज' हुँदै आएको छ।

पानी पर्न थाल्यो कि सरस्वती बोगटीलाई छोरीको झल्को आउँछ। सधैँझैँ जेठ पहिलो साताको एक बिहान सिमसिमे पानी परिरहँदा मोबाइलमा छोरीको तस्वीर हेरेर टोलाइरहेकी थिइन्। "अरूलाई बचाउन गएकी थिई, आफैँ पानीमा डुबी," छोरीको तस्वीर देखाउँदै सरस्वती भन्छिन्।

घटना एक वर्षअघिको हो। लगातार तीन दिनको मनसुनी वर्षाले २०८१ असार २४ मा पश्चिम तराई जलमग्न थियो। बाढी र डुबानले जनजीवन प्रभावित थियो। छिमेकी गाउँमा उद्धार गर्न जाँदा कञ्चनपुरको पुनर्वास नगरपालिका-५, 'ग' गाउँकी सरस्वतीकी छोरी सिर्जनासँगै आरती बोगटी र लक्ष्मी बोगटीको डुबेर ज्यान गएको थियो।

वर्षदिन हुन लाग्दा पनि सरस्वती त्यो पीडाबाट मुक्त हुन सकेकी छैनन्। घरमा आउने जोकोहीसँग पनि छोरीको प्रसङ्ग झिकेर कुराकानी गर्न थाल्छिन्। "पढ्नमा धेरै राम्री थिई। पढेर ठूलो मान्छे बन्छु भन्थी। सबैसँग उसकै कुरा दोहोऱ्याउँछिन्; म ठूलो भएपछि तिमीले दुःख गर्नु पर्दैन भन्थी।"

यति बोलेपछि उनको स्वर काँप्छ। चुप लाग्छिन्। एकोहोरिएर मोबाइलमा राखेको तस्वीर नियाल्छिन्।

त्यो दिन रातोखल्ला गाउँमा बाढी पसेको थियो। मान्छे र वस्तुभाउ बगाउँदै छ भन्ने खबर पाएर उद्धारका लागि सात जना हिँडेका थिए। "एक-अर्काको हात समाएर बाटो काट्दै थिए, एकाएक डुबेछन्। लास निकाल्दा पनि लक्ष्मी र सिर्जनाको त हात छुट्टिएको थिएन," सरस्वती भन्छिन्।

उनीहरूसँगै गएका सात जना जोगिएका थिए। उनीहरूले गाउँमा आएर खबर गर्दासम्म पानीमा डुबेका तीनै किशोरीको ज्यान गइसकेको थियो।

यस पटक पनि बर्खा सुरू हुन लाग्दा उनको चिन्ता थपिएको छ। नदी क्षेत्रमा तटबन्ध बनेको छैन। गत वर्ष बाढीले भत्काएका संरचना उस्तै छन्। बाढी र डुबानको जोखिम कम भएको छैन।

पुनर्वासको मात्रै होइन, छिमेकी गाउँघरको अवस्था पनि उस्तै छ। सँगै जोडिएको कैलाली जिल्लाका बासिन्दा पनि चिन्तामै छन्। कैलालीको टीकापुर र भजनी नगरपालिका क्षेत्र हरेक वर्ष बाढी र डुबानबाट प्रभावित हुन्छ। "बर्खा सुरू भयो कि राति सुत्नै सक्दिैन," भजनी नगरपालिका-७ का विपती चौधरी भन्छिन्।

त्यस्तै पीडा सुदूरपश्चिमी पहाडका बासिन्दाको पनि छ। गत वर्षको बाढीपहिरोले क्षति भएका संरचनाको पुनर्निर्माण हुन सकेको छैन। विपद् प्रभावितले पुनर्निर्माणको रकम पनि पाएका छैनन्। पाँच वर्षअघि भएको क्षतिको पुनर्निर्माणका लागि रकम नपाएको पीडितको गुनासो छ।

कैलालीको भजनीकी चौधरी यो वर्ष पनि सडकमै बस्नुपर्ने हो कि भन्ने चिन्ता लाग्न थालेको बताउँछिन्। बाढी तथा डुबानबाट जोगाउन कुनै काम नभएको उनको भनाइ छ। पानी पर्न थालेसँगै राति निद्रा लाग्न छोडेको उनी सुनाउँछिन्। "बर्सेनि बाढीले विस्थापित हुन्छौँ। दुई-तीन महिना सडकमै बास हुन्छ। यस बर्खामा पनि सडकै बस्नुपर्ला जस्तो छ," उनी भन्छिन्।

**सधैँ बाढी र डुबान**

हरेक वर्ष सुदूरपश्चिमका पहाडी जिल्लामा बाढीपहिरो तथा तराईमा डुबानले सताउँछ। तराईका दुई जिल्ला कैलाली र कञ्चनपुरको पनि दक्षिण क्षेत्रका बासिन्दा अझ बाढी र डुबानबाट प्रभावित हुन्छन्। बाढी र डुबानका कारण कैयौँ रात भोकभोकै सुत्नुपरेको भजनीकी विपती चौधरी सुनाउँछिन्। "हाम्रा लागि सरकार छ भन्ने अनुभूति गर्न पाएका छैनौँ," उनी भन्छिन्।

भजनीकै प्रेम चौधरी पनि बाढी र डुबानको बेला चिउरा र चाउचाउ दिएर समस्या समाधान नहुने बताउँछन्। वर्षभरि समाधानका लागि कुनै काम नहुने र समस्यामा परेपछि राहत सामग्री मात्र बोकेर आउने परिपाटीले दुःख पाइरहेको उनको भनाइ छ। "डुबानमा परेको बेला दिइने सान्त्वनाले समस्या समाधान हुँदैन। बरु, बाढी र डुबानको समस्या पहिचान गरी दीर्घकालीन उपाय खोज्नुपर्छ," चौधरी भन्छन्।

पछिल्ला केही वर्षयता खोला, नदीको बाढी गाउँ पस्ने र डुबान हुने समस्या बढेको उनी बताउँछन्। विशेष गरेर भजनी क्षेत्र धेरै डुबानमा पर्छ। "हुलाकी राजमार्ग निर्माणपछि बाढी र डुबान झनै बढेको छ," चौधरी भन्छन्।

भजनी नगरपालिकाका मेयर केवल चौधरी यो क्षेत्र डुबानमा पर्नुका धेरै कारण भए पनि भारतीय बाँध प्रमुख रहेको बताउँछन्। भारतको कैलाश बाँधले गर्दा डुबानको समस्या बढेको बताउँदै उनी भन्छन्, "वर्षातमा भारतले कैलाश बाँध बन्द गरेपछि त्यसको असर भजनीमा बढी पर्ने गरेको छ।"

भजनीलाई चारैतिरबाट नदीले घेरेकोले समस्या भएको मेयर चौधरीको भनाइ छ। अर्कातिर, बाढी र डुबानबाट जोगाउने उचित प्रयास नभएको उनको गुनासो छ। स्थानीय सरकारसँग पर्याप्त बजेट नहुने र प्रदेश तथा सङ्घीय सरकारले नहेर्ने गरेको उनको भनाइ छ।

यो क्षेत्रबाट प्रतिनिधित्व गर्ने सांसद गङ्गाराम चौधरी भने हुलाकी राजमार्गले गर्दा डुबानको समस्या निम्तिएको बताउँछन्। "पानीको निकास छैन र राजमार्गको उचाइ जमीनभन्दा १०-१२ फिट अग्लो छ। यसले डुबानको समस्या बढेको हो," सांसद चौधरी भन्छन्।

गत वर्ष बाढीका कारण भजनी नगरपालिकामा मात्रै एक हजार ८२२ परिवार विस्थापित थिए। कैयौँ घरमा क्षति पुगेको थियो भने खाद्यान्न नष्ट भएको थियो।

तराई क्षेत्रमा मात्रै होइन, पहाडी भेगमा पनि बाढीपहिरोले जनधनको क्षति हुँदै आएको छ। सुदूरपश्चिम प्रदेश सरकारको तथ्याङ्कअनुसार पछिल्ला आठ वर्षमा दुई हजार ३१० वटा विपद्का घटनामा ३५६ जनाको ज्यान गएको छ भने ५७ जना हराएका छन्।

त्यस्तै, विपद्का घटनामा एक हजार १३२ जना घाइते भएको आन्तरिक मामिला तथा कानुन मन्त्रालयले जनाएको छ। यस अवधिमा २० हजार ९७५ परिवार प्रभावित छन् भने ६५ करोड ६२ लाख ३४ हजार ७६९ रूपैयाँ बराबरको क्षति भएको प्रदेश सरकारको आकलन छ।

**विपद्को बजेट 'फ्रिज'**

एकातिर विपद् प्रभावितले राहत तथा पुनर्निर्माणको लागि सहयोग पाउने गरेका छैनन् भने अर्कातिर सरकारले छुट्याउने बजेट खर्च हुने गरेको छैन। आठ वर्षमा सुदूरपश्चिम प्रदेश सरकारले विपद्का लागि विनियोजन गरेको बजेट खर्च नभएको देखिएको छ। प्रदेश सरकारले पछिल्ला सात वर्षमा विपद्का लागि भनेर २६ करोड ८० लाख रूपैयाँ बजेट विनियोजन गरेको थियो। यसमध्ये सात वर्षमा १२ करोड ९८ लाख २० हजार रूपैयाँ 'फ्रिज' भएको छ। विनियोजित बजेटमध्ये चार करोड रूपैयाँ भने कोषमा राखिएको छ।

सुदूरपश्चिम सरकारले आर्थिक वर्ष २०७५/७६ मा विपद्का लागि तीन करोड ७२ लाख ५० हजार विनियोजन गरेकामा एक करोडको कोष स्थापना गरेको थियो। त्यसबाहेक दुई लाख मात्रै खर्च भयो भने दुई करोड २० लाख ५० हजार रूपैयाँ खातामै रह्यो।

त्यस्तै, आव २०७६/७७ मा पाँच करोड ८८ लाख विनियोजन हुँदा ८० लाख मात्र खर्च भएको तथ्याङ्क छ। त्यो वर्ष पनि एक करोड कोषमा राखिएको थियो।

आव २०७७/७८ मा तीन करोड १९ लाख ८० हजार विनियोजन भएकामा १८ लाख रूपैयाँ मात्र खर्च भएको थियो। जबकि त्यही वर्ष बाढीपहिरोबाट घरबास गुमाएका बझाङका बासिन्दाले अहिलेसम्म पुनर्निर्माणका लागि रकम पाएका छैनन्।

प्रदेश सरकारका अनुसार २०७८/७९ मा दुई करोड ४८ लाख रूपैयाँ विनियोजन भएकोमा १० लाख रूपैयाँ मात्र खर्च भएको छ। त्यसैगरी, आव २०७९/८० मा चार करोड ३५ लाख रूपैयाँ विनियोजन भएकोमा दुई करोड १५ लाख ६० हजार रूपैयाँ मात्र खर्च भएको देखिन्छ। गत आव २०८०/८१ मा पनि ६ करोड ३७ लाख ५० हजार रूपैयाँ छुट्याएकोमा चार करोड ३१ लाख ५० हजार रूपैयाँ मात्र खर्च भएको छ।

विपद्लाई हेर्ने आन्तरिक मामिला तथा कानुन मन्त्रालयका सूचना अधिकारी दीपेन्द्र सिंह विपद्का लागि हरेक वर्ष बजेट विनियोजन हुने गरेको भए पनि आधाभन्दा बढी रकम 'फ्रिज' हुने गरेको बताउँछन्। "विनियोजित बजेटमध्ये सबैभन्दा बढी सामान खरीदमा खर्च हुनुपर्ने हो, तर केही जटिलताले सामान खरीदको बजेट 'फ्रिज' हुन्छ," सिंह भन्छन्, "यस वर्ष पनि विपद्का लागि छुट्याएको ५० लाख रूपैयाँ 'फ्रिज' हुने जस्तो छ। अहिलेसम्म केही खर्च हुन सकेको छैन।"

**कस्तो छ पूर्व तयारी ?**

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको तथ्याङ्कअनुसार पछिल्लो डेढ दशकमा विपद्बाट चार हजार २७३ जनाको ज्यान गएको छ भने एक हजार २७ जना हराएका छन्। विपद्मा परेर पाँच हजार ८६० जना घाइते भएका छन्। यस अवधिमा २० खर्ब ४१ अर्ब ६६ लाख दुई हजार ४१५ रूपैयाँ बराबरको क्षति भएको छ।

हरेक वर्ष मनसुनको अवधिमा जनधनको क्षति हुने गरेको भए पनि त्यसबाट जोगिने पूर्व तयारी भने खासै गरिएको देखिँदैन। सङ्घीय र प्रदेश सरकारले विपद्पछि मात्रै उद्धार र राहतमा ध्यान दिने गरेका छन्। स्थानीय सरकारसँग पनि यसबारे ठोस योजना हुने गरेको छैन।

सधैँ बाढी र डुबानको चपेटामा पर्ने भजनी नगरपालिकामा विपद् फोकल पर्सन विष्णु न्यौपाने यस वर्ष पूर्व तयारीका लागि नदीमा तटबन्ध निर्माण र जालीमा माटो भर्ने काम गरिरहेको बताउँछन्। यससँगै बाढीबारे स्थानीय बासिन्दालाई सचेत गराउन दुई वटा साइरन सञ्चालनमा ल्याएको न्यौपाने बताउँछन्। "चार वटा साइरन भयो भने पूरै पालिका 'कभर' हुन्छ। अहिले हामीसँग दुई वटा मात्र छ," उनी भन्छन्।




त्यस्तै, आरडीएन संस्थासँग सहकार्य गरेर ४५ वटा उच्च घर निर्माण भइरहेको उनी बताउँछन्। बाढी र डुबानको बेलामा घरमा बस्न सक्ने अवस्था हुँदैन, त्यसैले जमीनको सतहभन्दा उच्च हुने गरी घर निर्माण गर्न थालिएको उनको भनाइ छ।

गत वर्ष उद्धार गर्न जाँदा तीन किशोरीको ज्यान गएको पुनर्वासमा पनि यस पटक पूर्व तयारी थालिएको पुनर्वास नगरपालिकाका उपमेयर भुलिया राना बताउँछिन्। बाढी र डुबानबाट कसरी सुरक्षित हुने भनेर सचेतनामूलक कार्यक्रम गरिरहेको उनी जनाउँछिन्। "बाढी प्रभावित क्षेत्रको नक्साङ्कन गरेका छौँ। जुन नक्साङ्कनले कति समुदाय उच्च जोखिममा छन् भन्ने कुरा पत्ता लगाएर सुरक्षित स्थानमा सार्ने, उच्च घर, विद्यालय सार्वजनिक भवनमा व्यवस्थापन गर्ने गरी तयारी थालेका छौँ।"

# वीरहरूको विरासत र वर्तमानको विसङ्गति

● इकुश्रे

नेपालको गौरवशाली इतिहासका पानाहरू पल्टाउँदा बलभद्र कुँवर, भक्ति थापा र अमरसिंह थापाजस्ता वीरहरूले अङ्ग्रेजको अत्याधुनिक गोलाबारूदका विरुद्ध घरेलु हतियार र ढुङ्गाका भरमा पानीसमेत पिउन नपाई जुन बलिदान दिए, त्यसको मूल ध्येय भूगोलको रक्षा मात्र थिएन। त्यो त भावी पुस्ताले कसैको दास बन्नु नपरोस् र यो माटोको सुगन्ध स्वतन्त्र हावामा फैलिरहोस् भन्ने एउटा महान् त्याग थियो। तर, आज समयको प्रवाहसँगै हामीले ती वीरहरूका गाथालाई केवल औपचारिक कार्यक्रम र पाठ्यपुस्तकमा सीमित राख्यौँ। इतिहासको त्यो स्वर्णिम कालखण्ड र वर्तमानको राजनीतिक-सामाजिक विचलनबिच यति ठूलो खाडल बनेको छ कि आज हामी आफ्नो अस्तित्व रक्षाका लागि समेत परचक्रीको मुख ताक्ने निरीह अवस्थामा पुगेका छौँ। पुर्खाले रगत बगाएर सिँचेको यो धर्तीमा आज पसिना बगाउनुको सट्टा घृणा र विध्वंसका खेतीहरू गरिनु राष्ट्रिय लज्जाको विषय बनेको छ।

देशको समुन्नति र आमूल परिवर्तनको नाममा पछिल्ला दशकहरूमा नेपालले धेरै प्रयोग भोग्यो। विशेषगरी 'सशस्त्र जनयुद्ध' को नाममा जे-जति भौतिक संरचना र मानवीय संवेदनाको विध्वंस भयो, त्यसले समाजमा एउटा गहिरो खाडल खनेको छ। व्यवस्था परिवर्तनका लागि भन्दै हजारौँ नागरिकको रगत बग्यो, विद्यालयहरू भत्काइए, पुलहरू उडाइए र वर्षौं देखिको सामाजिक सद्भाव खल्बल्याइयो। तर, के त्यो विध्वंसले परिकल्पना गरेजस्तो उन्नत र स्वावलम्बी नेपाल निर्माण भयो त ? प्रश्न गम्भीर छ। त्यति मात्र होइन, पछिल्लो समय 'जेन-जी' भनिने नयाँ पुस्ताको आन्दोलनले त झन् तुरुन्तै सरकार नै परिवर्तन गऱ्यो। तर, देशमा सुशासन, सदाचार र समृद्धि ल्याउन विद्रोह र आक्रोश पोखेजस्तो सजिलो हुँदैन। रिसाउन सजिलो छ, शान्त बस्न गाह्रो छ।

सामाजिक सञ्जालका भित्ताहरूमा देशभक्ति पोखिए पनि व्यवहारमा भने विदेशी नागरिकता र सुखसयलको मोहले यो पुस्तालाई गाँजेको छ। आफ्नै देशको माटोमा भविष्य नदेख्ने र आक्रोशलाई मात्रै परिवर्तनको संवाहक मान्ने प्रवृत्तिले राष्ट्रलाई कहिले सबल बनाउला ? वीर पुर्खाहरूले देखाएको बाटो निर्माणको थियो तर हामी भने अधिकारका नाममा केवल माग्ने र भत्काउने बाटोमा अग्रसर भयौँ।

अमेरिकाले पुल, भवन ध्वस्त बनाइदिन्छु भनेपछि इरानीहरू आफ्नो देशको सम्पत्ति रक्षा गर्न जुन तत्परता देखाए त्यसबाट हामीले पनि पाठ सिक्नुपर्ने बेला आएको छ।

आजको युगमा देशभक्ति भनेको सीमामा उभिएर शत्रुसँग लड्नु मात्र होइन। यो आफ्नो देशको अर्थतन्त्रलाई बलियो बनाउनु, स्वदेशी उत्पादनको प्रवर्द्धन गर्नु र आफ्नै मौलिक संस्कृतिमाथि गर्व गर्नु पनि हो। वीर पुर्खाहरूले तरबारले भूगोल जोगाए, अब हामीले बौद्धिकता र इमानदारीले देश जोगाउनुपर्ने बेला आएको छ। सशस्त्र सङ्घर्षले ल्याएको राजनीतिक उपलब्धि र नयाँ पुस्ताको आधुनिक चेतनालाई यदि राष्ट्र निर्माणको मूल प्रवाहमा जोड्न सकिएन भने यो इतिहासको एउटा दुःखद अध्याय मात्र बन्नेछ। हामीले बुझ्नुपर्छ कि विध्वंसले कहिल्यै विकास ल्याउँदैन, बरु त्यसले त गरिबी र पराधीनतालाई मात्र बढावा दिन्छ। पुर्खाले आर्जेको यो स्वतन्त्र मुलुकलाई समृद्ध बनाउनका लागि अब प्रत्येक नेपालीले 'पहिले देश' भन्ने मूलमन्त्रलाई आत्मसात् गर्नैपर्छ।

हाम्रो राष्ट्रियता अहिले एउटा कठिन परीक्षाको घडीमा छ। एकातिर वीर पुर्खाहरूको उच्च गौरवगाथा छ भने अर्कोतिर वर्तमानको विसङ्गतिपूर्ण राजनीति र युवा पलायनको डरलाग्दो चित्र छ। इरानले देखाएको जस्तो अडिग राष्ट्रिय सङ्कल्प र हाम्रा वीरहरूले देखाएको अदम्य साहसलाई आजको समयको मागअनुसार रूपान्तरण गर्नु आवश्यक छ। अबको देशभक्ति केवल भाषणमा होइन, उत्पादनमा देखिनुपर्छ। नारामा होइन, निष्ठामा झल्किनुपर्छ। जबसम्म हामी आफ्नै पौरखमा उभिन सक्दैनौँ, तबसम्म बलभद्र र भक्ति थापाहरूको आत्माले शान्ति पाउने छैन। तसर्थ, विगतका गल्तीहरूबाट पाठ सिक्दै र विश्वका स्वाभिमानी राष्ट्रहरूबाट प्रेरणा लिँदै अब एउटा यस्तो नेपाल निर्माणको सङ्कल्प गरौँ, जहाँको माटोमा विध्वंस होइन, विकास र समृद्धिको फूल फुल्न सकोस्। आफ्नै पसिनाले यो धर्तीलाई सिँच्ने प्रण गर्नु नै ती महान् वीरहरूप्रतिको सच्चा श्रद्धाञ्जली र वास्तविक देशभक्ति हुने छ।

## हार्दिक समवेदना



जन्म १९९२/०२/११ — स्वर्गारोहण २०८२/१२/२४

यस विद्यालयका संस्थापक प्रधानाध्यापक श्रीराम सुवालका पूजनीय पिता **कान्छा सुवाल**को असामयिक स्वर्गारोहण भएको आज चौथो दिन (लक्च)को पुण्यतिथिमा दिवङ्गत आत्माको चिरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्रदान गरून् भन्ने कामनासहित हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**सेकरिङ् हाट् एकेडेमी परिवार**
सूर्यविनायक, गपलि-४, भक्तपुर


# बालबालिकालाई भयरहित वातावरणमा हुर्काउनुपर्ने




भक्तपुर, २६ चैत । नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छें (रोहित) ले केटाकेटीहरूलाई कडा नियन्त्रणमा राखेर हुर्काउन नहुने बताउनुभएको छ ।

स्थानीय लिबालीस्थित ख्वप्रिङ इङ्गलिस एकेडेमीको २६ औँ वार्षिकोत्सवको उपलक्ष्यमा आयोजित विशेष समारोहमा उहाँले उक्त विचार व्यक्त गर्नुभएको हो ।

विद्यार्थीहरूको सांस्कृतिक वाद्यवादनको पृष्ठमा कलात्मक दीप प्रज्ज्वलन गरी समारोहको उद्घाटन गर्दै उहाँले भन्नुभयो, "हिजो आमाबाबु शिक्षक शिक्षिकाहरूसँग केटोकटीहरू डराउँथे, केटाकेटीलाई कुटेर, पिटेर, तर्साएर हुर्काउने दिन गए अब भयरहित वातावरणमा बालबच्चा हुर्काउने बेला हो ।"

नेवारहरूको बाहुल्यता भएको यो क्षेत्रमा हिजो नेपाली भाषा बोल्न पनि नेवारहरू डराउँथे । तर अहिले स्थिति त्यस्तो छैन भन्दै उहाँले भन्नुभयो, "अब त नेपाली भाषामात्र हैन अङ्ग्रेजी भाषामै पनि निर्धक्कसित बोल्ने भए नयाँ पुस्ता । भाषाकै कारण विगतमा जस्तो अब हीनताबोधको स्थिति छैन ।"

शिक्षकले विद्यार्थीलाई र आमाबाबुले छोराछोरीलाई कडा नियन्त्रणमा राखेर हुर्काउन वा पढाउन खोजे नयाँ पुस्ताको प्रतिभा कुण्ठित हुनसक्ने चर्चा गर्दै अध्यक्ष बिजुक्छेंले एउटा निश्चित सीमाभित्र स्वतन्त्रतापूर्वक उनीहरूलाई हुर्कने अवसर दिनुपर्छ भन्नुभयो ।

केटाकेटीलाई गुलियो धेरै खुवाउँदा गुलियोको शक्ति खर्चनकै लागि पनि केटाकेटीहरू धेरै चुलबुल गर्छन् त्यसैले खेल्ने अवसर दिनुपर्छ भन्दै उहाँले गुलियो धेरै खुवाउँदा बच्चाबच्चीको दात बिग्रिने खतराप्रति सचेत हुनुपर्छ भन्नुभयो ।

बाल विशेषज्ञ, नाक कान घाँटी विशेषज्ञहरूद्वारा नियमित स्वास्थ्य परीक्षणको व्यवस्था गर्न सुझाव दिँदै उहाँले कतिपय कुरा शिक्षक अभिभावकको कुरा नमान्ने बच्चाहरू पनि डाक्टरका कुरा मान्छन् भन्नुभयो ।

त्यस्तै खानेकुराको सचेतनाको लागि पोषणविद्हरूलाई बोलाई अभिभावकहरूलाई कक्षा लिन पाए अझ राम्रो हुने चर्चा गर्दै उहाँले हाम्रो भविष्य हाम्रो नयाँ पुस्ताप्रति सबैले चिन्ता र चासो राखे भोलिको समाज अझ राम्रो हुने विश्वास व्यक्त गर्नुभयो ।

कार्यक्रममा भनपा ८ का वडाध्यक्ष कृष्णप्रसाद कोजुले समाजमा खराब नियतका मानिसहरू रहने चर्चा गर्दै लिबाली क्षेत्रमा लागूपदार्थको आपराधिक गतिविधि हुन थालेकोमा सबै सचेत हुनुपर्नेमा जोड दिनुभयो ।

विद्यालयका सल्लाहकार ज्ञानसागर प्रजापतिले केटाकेटीलाई माया गरेर जङ्क फुड खुवाउनु उनीहरूको स्वास्थ्यमाथि खेलबाड गर्नु हो भन्दै आफ्ना सन्तानलाई अरूसँग दाँजेर कहिल्यै नहोच्याउनुहोला, बरू छोराछोरीले गर्ने सानो कामको पनि प्रशंसा गर्न नभुल्नु होला भन्नुभयो ।

उहाँले वर्तमान बालेन सरकारको निर्वाचन वाचापत्रमा शिक्षक-विद्यार्थीलाई राजनीतिक आबद्धता निषेध गर्ने उल्लेख भएको चर्चा गर्दै निषेधको राजनीतिले विस्फोट निम्तिन सक्ने बताउनुभयो ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष दीपेन्द्र प्रजापतिको सभापतित्वमा भएको उक्त कार्यक्रममा प्रिन्सिपल विनोद प्रजापतिले विद्यालयको प्रगति प्रतिवेदन प्रस्तुत गर्नुभयो भने कार्यक्रममा अभिभावक प्रतिनिधि सुरेन्द्र जाकिबन्जार, संस्थागत विद्यालय सङ्घ (इसान) भक्तपुरका अध्यक्ष कृष्णराम त्वानावासुले शुभकामना मन्तव्य राख्नुभएको थियो ।

'ख्वप्रिङ' स्मारिका विमोचन गरिएको उक्त कार्यक्रममा स्वागत मन्तव्य विद्यालयका व्यवस्थापक कृष्णसुन्दर प्रजापति र विद्यार्थी प्रतिनिधि अमृत प्रजापतिले स्वागत मन्तव्य राख्नुभएको थियो ।

कार्यक्रममा विद्यालयद्वारा आयोजित खाद्य महोत्सवका सहयोगी विभिन्न जातजातिका अभिभावकहरूलाई मायाको चिनोद्वारा सम्मान गरिएको थियो भने दीर्घ सेवा गर्ने शिक्षक कर्मचारीहरूलाई पनि सम्मान गरिएको थियो । कार्यक्रममा विद्यार्थीहरूको सांस्कृतिक प्रस्तुति पनि रहेको थियो ।

---

**ख्वप...**

देशभक्तिपूर्ण भावना दिन आवश्यक छ । हाम्रा विद्यार्थीहरूलाई इतिहास, संस्कृतिको अध्ययनमा उत्साहित गर्दै नागरिक भावना दिनु राज्यको दायित्व हो ।"

सरोकारवालापक्ष र शिक्षाविद्हरूसँग परामर्श नगरी शनिबार र आइतबार दुई दिन बिदा दिने निर्णयप्रति विमति राख्दै सांसद गोसाईले प्रश्न गर्नुभयो, "पश्चिमा देशमा अध्ययन गरेर आएका सल्लाहकारहरूबाट प्रभावित भएर यो निर्णय गरिएको हो भन्ने यसले देशको शिक्षा क्षेत्रलाई थप समस्यामा पार्नेछ ।"

उहाँले देशप्रेम इरानी जनताबाट सिक्नुपर्ने बताउँदै अमेरिकी राष्ट्रपति ट्रम्पले इरानी सभ्यता नाश गर्ने धम्की दिनेबित्तिकै असङ्ख्य इरानी महिला, युवा, बालबालिका आत्मबलिदानको भावनाससहित प्रतिकारमा उत्रेको घटना अभूतपूर्व रहेको दाबी गर्नुभयो ।

शिक्षकहरूको क्षमता अभिवृद्धिका लागि नियमित तालिम आवश्यक रहेको उहाँले बताउनुभयो ।

कार्यक्रमका सभापति तथा ख्वप सञ्चालक समितिका अध्यक्ष सुनिल प्रजापतिले ख्वप मा.वि./कलेज स्थापनाको घटना स्मरण गर्दै ख्वप आजको अवस्थामा आइपुग्नु शैक्षिक क्षेत्रमा विशेष उपलब्धि भएको बताउनुभयो ।

भक्तपुर ज्ञानविज्ञानको केन्द्रको रूपमा विकास स्थापना हुँदै गएको र शैक्षिक क्षेत्रमा ख्वपको योगदान विशेष रहेको उहाँले बताउनुभयो ।

विद्यार्थी सङ्ख्या घट्नुका कारणहरूको चर्चा गर्दै प्रमुख प्रजापतिले सरकारले विदेशी विश्वविद्यालयलाई सञ्चालन गर्न अनुमति दिनु स्थानीय रूपमा सञ्चालित शैक्षिक संस्थामाथि अङ्कुश लगाउनु हो भन्नुभयो ।

शैक्षिक क्षेत्रको विकास गर्न परीक्षा प्रणालीमा सुधार आवश्यक रहेको चर्चा गर्दै उहाँले नेपाल विदेशीको लागि सस्तो कामदार उत्पादनको थलो बन्न सक्नेबारे खतरा रहेको बताउनुभयो ।

भक्तपुर नगरपालिकाका उपमेयर एवं कलेज सञ्चालक समितिका उपाध्यक्ष रजनी जोशीले शुभकामना दिँदै बिस्का जात्राबारे विशेष चर्चा गर्नुभयो ।

भक्तपुर नगरपालिकाका प्रशासकीय अधिकृत वसन्त भट्टराईले समयको मागअनुसार शैक्षिक क्षेत्रमा पनि परिर्वतन आवश्यक रहेको चर्चा गर्नुभयो ।

समय परिवेशको मागअनुसार परिवर्तन हुन जरुरी रहेको उहाँले बताउनुभयो ।

कार्यक्रममा ख्वप कलेजका प्राचार्य प्रकाशकुमार श्रेष्ठ, ख्वप मा.वि.का प्राचार्य लक्ष्मीप्रसाद कर्माचार्य र ख्वप कलेज अफ लका प्राचार्य अनिता जधारीले विद्यालय/कलेजको वाषिक प्रगति विवरण पेस गर्नुभएको थियो ।

कार्यक्रममा उत्कृष्ट विद्यार्थी, दस वर्ष र २५ वर्ष सेवा अवधि पूरा भएका शिक्षक कर्मचारीहरूलाई सम्मान गरिएको थियो ।

वार्षिक उत्सव कार्यक्रमको अवसरमा ख्वप इन्कुवेसन ल्यावको आयोजनामा चौथो ख्वप हाट बजार पनि आयोजना भएको थियो ।

हाट बजारमा ५२ वटा स्टलहरू राखिएका थिए ।

कार्यक्रममा विद्यार्थीहरूबाट सांस्कृतिक प्रस्तुति देखाइएको थियो ।

---

**देको...**

आयोजना सञ्चालनको लागि भक्तपुर नगरपालिकालगायत विभिन्न निकाय तथा शिक्षण संस्थाबाट ऋण लिएको चर्चा गर्दै उहाँले जनताको टाउकोमा ऋणको भार नपार्न नगरपालिकाले सहयोग गरिरहेको बताउनुभयो ।

आयोजनाका अर्का प्राविधिक दयाप्रसाद न्याईच्याईले नगरपालिकाले यसअघि सञ्चालन गरेका आवास योजनाहरूको तुलनामा देको मिवा आयोजनामा उपभोक्ता जनताको तर्फबाट कम मात्र योगदान कटौती गरेको बताउनुभयो ।

उहाँले लिबाली आवास योजनामा भौतिक पूर्वाधार निर्माणबापत ८ प्रतिशत र तुमचो दुगुरे आयोजनामा ६ प्रतिशत योगदान कटौती गरेको उल्लेख गर्दै देको मिवा आयोजनामा जग्गा कित्तामा ३ प्रतिशत र घरले चर्चेको कित्तामा १.५ प्रतिशतमात्र योगदान कटौती गरी स्थानीयलाई सहज बनाएको बताउनुभयो । आयोजनाअन्तर्गत नगरकोट सडकसँग जोडिएको कित्तामा पूर्वाधारबापत योगदान कटौती नगरिएको उहाँले बताउनुभयो ।


## यौन हिंसाबाट बचौं र बचाऔं:

- यौनजन्य हिंसा सामाजिक अपराध हो,
- बालबालिका यौनजन्य हिंसाको जोखिममा हुन सक्छन् ,
- हिंसा छिमेकी, आफन्त, साथीभाई, परिचित, नातेदार वा जोसुकैबाट हुनसक्छ,
- अभिभावकले आफ्ना छोराछोरीको व्यवहार ख्याल गरौं,
- बालबालिकाको चालचलन, बानीव्यहोरामा अस्वभाविक परिवर्तन आएको हुन सक्छ, त्यस्तो पाइए उनीहरुसँग तत्काल कुरा गरौं,
- बालबालिकासँग नियमित सम्वाद गर्ने गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सिद्धि गणेश कर्नर

हरेक मङ्गलबार र शुक्रबार संस्थासम्बन्धी जानकारीका लागि पढ्ने गरौं ।

### ४५ दिने चित्रकला तालिमसम्बन्धी सूचना

यस उपसमितिको आयोजनामा देहायका मिति, समय र स्थानमा **४५ दिने चित्रकला तालिम** हुने जानकारी गराउँदै सहभागी हुन इच्छुक सदस्यहरूलाई संस्थाको कार्यालयमा नाम दर्ता गराउन अनुरोध छ ।

**कार्यक्रम**
**मिति** : २०८३ वैशाख १३ गतेदेखि
**समय** : बिहान ६:३० बजे
**स्थान** : सिद्धि गणेश तालिम हल, खँचा
**दर्ता शुल्क** : रु.५००।- प्रतिव्यक्ति

**पुनश्च** : तालिममा कक्षा ५ देखि ९ का विद्यार्थीहरू बढीमा २० जना मात्र सहभागी गराइने हुँदा पहिले आउनेलाई पहिलो प्राथमिकता दिइनेछ ।

**महिला तथा बालबालिका उपसमिति**

### भित्तेपात्रो वितरणसम्बन्धी सूचना



**नव वर्ष २०८३ सालको संस्थाको भित्तेपात्रो**
सदस्यहरूलाई **नि:शुल्क वितरण** भइरहेको हुँदा संस्थाको केन्द्रीय कार्यालय तथा सेवाकेन्द्रहरूबाट आ-आफ्नो प्रति बुझिलिनुहुन सम्पूर्ण सदस्यहरूलाई सूचित गराइन्छ ।

**व्यवस्थापक**

### सदस्य पहिचान (KYM) फारम अद्यावधिक गर्नुहोला

**सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी सहकारी सङ्घ/संस्थालाई जारी गरिएको निर्देशन २०७४ को नियम ३ अनुसार यस संस्थामा सदस्य महानुभावहरुले हरेक ३/३ वर्षमा वा सदस्यको व्यक्तिगत विवरण परिवर्तन (ठेगाना, सम्पर्क नं., अन्य विवरण) भएमा संस्थामा उपलब्ध सदस्य पहिचान (KYM) फारम अद्यावधिक गर्नुहुन अनुरोध छ ।**

'सर्वोत्कृष्ट वित्तीय समाधानका लागि सिद्धि गणेश'
**सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.**
भ.न.पा-७, चोर्चा, भक्तपुर, फोन: ६६१३२०१, ६६२१२०१, सेवा केन्द्र(यातुगणेश-६६१९५४०, तेखापुखु-६६२१२००), स्वास्थ्य क्लिनिक-६६२१२०५
Website : www.sgsaccos.com.np, E-mail : sgsaccos@hotmail.com
ACCESS BRONZE

## हार्दिक समवेदना



जन्म १९९८/०२/१५ — मृत्यु २०८२/१२/०९

**रत्नकेशरी सकिजु**

यस एभरेस्ट स्कुल, भक्तपुर-२, मिबाछेँका बस चालकको पदमा कार्यरत लक्ष्मीनारायण सकीकी ममतामयी आमा **रत्नकेशरी सकिजु**को असामयिक स्वर्गारोहण भएकोले दिवङ्गत आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दु:खद घडीमा शोकसन्तप्त परिवारजनप्रति धैर्यधारण गर्ने शक्ति प्राप्त होस् भन्दै हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**प्रिन्सिपल**
**तथा**
**एभरेस्ट इङ्लिस स्कुल परिवार**


प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु ★ सम्पादक: विष्णुगोपाल कुसी ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा